# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

## कार्यक्रम कार्यान्वयन कार्यविधी- २०७९/८०


परिच्छेद-१ प्रारम्भिक ........ 1

१.१ पृष्ठभूमी: ........ 1

१.२ परिचय: ........ 1

१.३ कार्य क्षेत्र: ........ 1

१.४ कार्यक्रम तर्जुमाको ढाँचा ........ 2

१.५ कार्यविधि तयारीको उदेश्य: ........ 2

१.६ कार्यक्रम कार्यान्वयनको समष्टिगत मार्गदर्शन ........ 3

परिच्छेद-२: संचालन गरिने कार्यक्रमहरु ........ 4

क. राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना (३२९०३१०१) ........ 4

अ. पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु ........ 4

१. भवन निर्माण (३१११२) ........ 4

सवारी साधन खरिद (३११२१) ........ 10

मेशिन औजार खरिद (३११२२) ........ 10

फर्निचर तथा फिक्चर्स ........ 12

पूँजिगत परामर्श (३११३५) ........ 12

सडक तथा पुल निर्माण (३११५१) (सार्वजनिक निर्माण) ........ 14

वन तथा वातावरण संरक्षण (३११५७) –सार्वजनिक निर्माण ........ 23

अन्य सार्वजनिक निर्माण (३११५९) ........ 37

पूँजिगत सुधार खर्च ( ३११७१) ........ 42

चालु खर्च अन्तर्गत कार्यक्रमहरु ........ 57

कर्मचारी तालिम (२२५११ ........ 57

सीप विकास तथा क्षमता अभिबृद्धि तालिम तथा गोष्ठी (२२५१२) ........ 58

कार्यक्रम खर्च (२२५२२) ........ 61

विविध कार्यक्रम खर्च (२२५२९) ........ 77

सरकारी निकाय, समितिलाई चालु अनुदान (२६४११) ........ 79

ख. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (३२९०३०११) ........ 80

अ. पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु ........ 80

सवारी साधन खरिद (३११२१) ........ 80

मेशिन औजार खरिद (३११२२) ........ 80

फर्निचर तथा फिक्चर्स ........ 80

सफ्टवेयर निर्माण तथा खरिद (३११३४) ........ 81

पुँजिगत परामर्श (३११३५) ........ 81

सडक तथा पुल निर्माण (३११५१)....................83
खानेपानी संरचना निर्माण(३११५६)....................84
वन तथा वातावरण संरक्षण (३११५७)....................84
अन्य सार्वजनिक निर्माण (३११५९)....................86
पूँजिगत सुधार (३११७१)....................87
आ. चालु खर्च कार्यक्रम....................89
सफ्टवेयर संचालन परामर्श खर्च (२२४१२)....................89
कर्मचारी तालिम (२२५११)....................90
सीप विकास तथा क्षमता अभिबृद्धि तालिम तथा गोष्ठीहरु (२२५१२)....................90
कार्यक्रम खर्च (२२५२२)....................94
सरकारी संघ संस्था समितिलाई सशर्त चालु अनुदान (२६४११)....................101
अन्य संस्थालाई सशर्त पूँजिगत अनुदान (२६४२२)....................102
उद्धार, राहत र पुनर्स्थापना (२७२१२)....................103
ग. हात्तीसारहरु....................104
अ. पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु....................104
भवन निर्माण (३१११२)....................104
खानेपानी संरचना निर्माण(३११५६)....................105
वन तथा वातावरण संरक्षण (३११५७)....................106
अन्य निर्माण (३११५९)....................107
पूँजिगत सुधार खर्च (३११७१)....................110
आ. चालु खर्च तर्फका कार्यक्रमहरु....................114
कर्मचारी तालीम (२२५११)....................114

# बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि

## परिच्छेद-१ प्रारम्भिक

### १.१ पृष्ठभूमी:

प्राकृतिक सौन्दर्यको दृष्ट्रिकोणले बिशेष महत्व बोकेको स्थानहरुको संरक्षण, सम्बर्दन तथा व्यवस्थापन, वन्यजन्तुहरु र तिनको बासस्थान संरक्षण, चोरी शिकार र अबैध ब्यापार नियन्त्रण गरि प्राप्त उपलब्धिबाट प्रभावित जनताको जिबिकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले संरक्षित क्षेत्रको ब्यबस्थापन गरिने बिश्वब्यापी मान्यता रहेको पाइन्छ। नेपालमा स्थापना गरिएका संरक्षित क्षेत्रहरुको व्यवस्थापन पनि सोही मान्यताबाट प्रेरित छ। संरक्षित क्षेत्रहरुले लोपोन्मुख, दुर्लभ र संकटापन्न वन्यजन्तु तथा वनस्पतिहरुको दीगो संरक्षण तथा ब्यबस्थापनमा महत्वपूर्ण भूमिका निभाएका छन्| त्यसैले मुलुकमा विद्यमान विभिन्न पारिस्थितिकीय प्रणाली (Ecosystem) हरुको प्रतिनिधित्व हुने गरि संरक्षित क्षेत्रहरुको स्थापाना गरिएको छ।

मानवीय क्रियाकलापले पारिस्थितिकीय (Ecosystem) प्रणालीलाइ प्रत्यक्ष र अप्रत्यक्ष असर पुऱ्याई रहेको एवं विश्व समुदाय भू-मण्डलीकरण तर्फ लम्की रहेको वर्तमान अवस्थामा संरक्षित क्षेत्रको महत्व अपार छ। संरक्षित क्षेत्रहरुले बिभिन्न देशहरुवीच वन वातावरण र जैविक विविधता संरक्षण सम्वन्धि अन्तराष्ट्रिय सन्धि, महासन्धि र सम्झौता कार्यान्वयनमा टेवा पुऱ्याएका छन। हालैका दिनहरुमा जलवायु परिवर्तनको प्रभाव अनुकुलन तथा न्यूनीकरण गर्न र कार्वन उत्सर्जन न्यूनीकरण ( Reduced Emissions from Deforestation and Forests Degradation) र Payment for Environmental Services (PES) जस्ता विषयमा आम समुदायमा जनचेतना, चासो र सक्रियता संगै संरक्षित क्षेत्रको महत्व व्यापक हुँदै गएको छ।

नेपालको भौगोलिक अवस्थिति र धरातलीय विविधता (समुद्री सतहबाट ६० मि.देखि ८८४८ मि. सम्म उचाई भएको भू-भाग) ले गर्दा यहाँ पाइने शुष्म जलबायुमा विविधता रहेको छ। यस्ता विभिन्न प्रकारका भौगोलिक र जलवायु विविधताले वन्यजन्तु र वनस्पतिमा समेत विविधता रहेको छ। परिणाम स्वरूप नेपाल जैविक विविधताले विश्वमा धनी राष्ट्रको रुपमा चिनिन पुगेको छ।

### १.२ परिचय:

नेपालमा रहेका जैविक विविधताको दिगो संरक्षण र व्यबस्थापन गर्ने उद्देश्यले नेपाल सरकारले वि.स. २०३० को दशकदेखि नै संरक्षित क्षेत्रहरुको स्थापना गरि जैविक विविधता संरक्षणलाइ बिशेष महत्व दिंदै आएको छ। सोहि पहलको निरन्तरता स्वरूप हाल नेपालमा १२ वटा राष्ट्रिय निकुन्ज, १ वटा वन्यजन्तु आरक्ष, १ वटा शिकार आरक्ष, ६ वटा संरक्षण क्षेत्रहरु र १२ वटा मध्यवर्ती क्षेत्र स्थापना भएका छन्। यी सबै प्रकारका संरक्षित क्षेत्रहरुले नेपालको कुल भू-भागको २३.३९ प्रतिशत क्षेत्रफल ओगटेका छन्। यिनै संरक्षित क्षेत्रहरुको संरक्षण, सम्वर्द्ध र व्यवस्थापन गर्न नेपाल सरकारले सालबसालि रुपमा तपसिलका आयोजनाहरु मार्फत विविध कार्यक्रम संचालन गर्दै आएको छ भने अन्य संरक्षणका साझेदार संस्थाहरुले समेत यस कार्यमा सहयोग पुऱ्याउँदै आएका छन।

क. राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना (३२९०३१०१)
ख. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (३२९०३०११)
ग. हात्तीसार (३२९०२०१३)

### १.३ कार्य क्षेत्र:

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतको कार्यक्षेत्रहरु देहाय बमोजिम रहेका छन् :

| राष्ट्रिय निकुञ्जहरु | वन्यजन्तु आरक्ष | संरक्षण क्षेत्रहरु | प्राणी उद्यानहरु |
|---|---|---|---|
| १. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज<br>५. पर्सा राष्ट्रिय निकुञ्ज<br>६. शिवपुरी नागार्जुन रा. नि.<br>७. लामटाङ राष्ट्रिय निकुञ्ज<br>८. सगरमाथा राष्ट्रिय निकुञ्ज<br>९. मकालु बरुण राष्ट्रिय निकुञ्ज<br>१०. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज<br>११. खप्तड राष्ट्रिय निकुञ्ज | १. कोशीटप्पु वन्यजन्तु आरक्ष<br>२. ढोरपाटन शिकार आरक्ष | १. अपीनाम्पा संरक्षण क्षेत्र<br>२. कृष्णसार संरक्षण क्षेत्र<br>३. अन्नपूर्ण संरक्षण क्षेत्र<br>४. मनास्लू संरक्षण क्षेत्र<br>५. गौरीशंकर संरक्षण क्षेत्र<br>६. कंचनजङ्घा संरक्षण क्षेत्र | १. राष्ट्रिय प्राणी उद्यान<br>२. भानुभक्त प्राणी उद्यान |

| | | | |
|---|---|---|---|
| १२. रारा राष्ट्रिय निकुञ्ज | | | |

## १.४ कार्यक्रम तर्जुमाको ढाँचा

- जिल्ला स्थित संरक्षित क्षेत्र कार्यालयहरुले आवधिक योजनामा उल्लेखित लक्ष्य, सरकारको क्षेत्रगत नीति, कार्यनीति, राष्ट्रिय योजना आयोगको मार्गदर्शन, वन तथा वातावरण मन्त्रालयको मार्गदर्शन, राज्यले प्रतिवद्धता जनाएका राष्ट्रिय अन्तराष्ट्रिय सन्धि महासन्धी आदिलाई ध्यानमा राख्दै आगामी आ.ब.का प्रस्तावित कार्यक्रमहरु तयार गर्नेछन ।
- राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र वन तथा वातावरण मन्त्रालयका प्रतिनिधिहरुको समेत सहभागीतामा विभागले आयोजना गर्ने योजना तर्जुमा गोष्ठीमा प्रत्येक कार्यालयले आफ्नो प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्नेछन र सो उपर छलफल गरी अन्तिम रुप दिईनेछ ।
- योजना तर्जूमा गोष्ठीबाट अन्तिम रुप दिईएको कार्यक्रमलाई विभागको समन्वयमा सम्वन्धित संरक्षित क्षेत्र कार्यालयले LMBIS मार्फत प्रस्ताव गर्नेछन ।
- LMBIS मार्फत प्रस्तावित कार्यक्रम उपर वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा हुने बजेट छलफलमा विभागीय प्रमुख, महाशाखा प्रमुख र शाखा प्रमुख सहभागी भै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र अन्तर्गत कार्यालयहरुको प्रस्तावित बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिईनेछ ।
- स्वीकृत बजेट तथा कार्यक्रम LMBIS सम्वन्धित कार्यालयले आर्थिक बर्ष अगावै प्राप्त गर्नेछन र सो को कार्यक्रम कार्यान्वयन कार्यविधि, कार्यान्वयन योजना, खरिद तथा अनुगमन योजना तयार गरि आर्थिक बर्षको शुरु दिनबाटै कार्यक्रम कार्यान्वयनमा आउनेछ ।
- संचालित कार्यक्रमहरुको सम्वन्धित संरक्षित क्षेत्र कार्यालयहरु, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा वातावरण मन्त्रालयबाट नियमित अनुगमन तथा मुल्यांकन गरिनेछ ।

## १.५ कार्यविधि तयारीको उदेश्य:

यस कार्यविधि तयारीको उद्देश्यहरु निम्न बमोजिम रहेको छ ।

- विभिन्न कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरु तथा क्रियाकलापहरुको बारेमा पृष्ठभूमि र उदेश्यहरु स्पष्ट पार्ने ।
- कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्ने कार्यालय र क्षेत्र तोक्ने ।
- कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्दा बजेट खर्च गर्न सकिने मुख्य मुख्य क्रियाकलाप तथा गतिविधिहरु प्रष्ट गर्ने ।
- कार्यक्रम सञ्चालनमा कार्यविधिगत प्रकृया र खरिद प्रकृया निर्दिष्ट गर्ने ।
- कार्यक्रम संचालनको लागि विनियोजित बजेट खर्च गर्ने आधार र प्रमाणहरु प्रष्ट गर्ने ।
- कार्यक्रम संचालन र सम्पन्न भएको सूचक तथा उपलब्धिहरु सुचिकृत गर्ने ।
- अनुगमन तथा मुल्यांकन गर्न र लेखा परिक्षणमा सहजता ल्याउने ।
- सरल तथा सहज तरिकाबाट सेवाप्रवाह गर्ने ।

## १.६ कार्यक्रम कार्यान्वयनको समष्टिगत मार्गदर्शन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | आर्थिक तथा वित्तीय मार्गदर्शन | स्विकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिम कामको प्रकृति, स्थान, परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६ एवं नियमावली, २०७७, सार्वजनिक खरिद ऐन-२०६३ एवं सार्वजनिक खरिद नियमावली-२०६४, बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन लगायत अन्य प्रचलित कानुन बमोजिम कार्य गर्न गराउन पर्नेछ। कार्यक्रमहरुको लागि स्वीकृत बजेट खर्च गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्म्स, सम्बन्धित जिल्ला वा स्थानीय तहको स्वीकृत दररेट, कार्यक्रम संचालन निर्देशिका, मार्गदर्शन र कार्यविधि अनुरुप लागत अनुमान तयार गर्नुपर्नेछ। कार्यक्रम सञ्चालन गर्दा सकेसम्म जैविक विविधता संरक्षण, मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण, स्थानीय समुदायको आयआर्जन टेवा पुग्ने र वातावरणीय हिसाबले सकारात्मक प्रभाव पर्ने कार्यलाई एकीकृत रुपमा सञ्चालन गर्नुपर्नेछ। |
| २ | कार्यान्वयन मार्गदर्शन | कार्यक्रम बजेट तथा संचालन प्रकृया बारेमा कार्यालयमा छलफल गरिनेछ। उपयुक्त र सम्बन्धित कर्मचारीलाई जिम्मेवारी दिई कार्यक्रम संचालनको व्यवस्था गरिनेछ । प्रत्येक कार्यक्रमको लागि संक्षिप्त कार्ययोजना र तदनुरूप लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्यक्रमको संक्षिप्त कार्ययोजना तर्जुमा गर्दा त्यसको सामान्य जानकारी, पृष्ठभूमी, उदेश्य, क्रियाकलाप, स्थान, कार्य प्रकृया, खरिद प्रकृया, भुक्तानी प्रकृया, जिम्मेवार पदाधिकारी, उपलब्धि आदिको ब्याख्या गर्नुपर्दछ। संक्षिप्त कार्ययोजना बमोजिम मात्र लागत अनुमान तयार गरी स्वकृत गर्नुपर्नेछ। कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको प्रकृति हेरी कार्यक्रम सम्बन्धी प्रतिनिधिमुलक (Representative) तस्बिरहरु सहितको कार्य सम्पन्न प्रगति प्रतिवेदन तयार गरि संलग्न गर्नुपर्नेछ । कार्यक्रमको मूल उदेश्य अनुरुप परिमाण सहितको उपलब्धि हासिल हुने सुनिश्चित गरी संचालन गर्नुपर्दछ । सेवा, बस्तु तथा परामर्श खरिद कार्य सामान्यतया प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ३ | स्थान निर्धारण | आवश्यकता र सम्बेदनशिलताको आधारमा स्थान पहिचान र निर्धारण गर्नुपर्दछ। स्थान निर्धारण नभएका कार्यक्रमहरुको स्थान निर्धारण गर्दा तोकिएको प्राबिधिक वा सम्बन्धित कार्यालय, सेक्टर कार्यालय, रेञ्जपोष्ट, पोष्टको राय सिफारिसलाई आधार बनाउनु पर्नेछ। मध्यवर्ती क्षेत्रमा गरिने कार्यक्रमको स्थान निर्धारण सम्बन्धित क्षेत्रको व्यवस्थापन समिति, उपभोक्ता समितिहरुको समन्वयमा गरिनेछ। |
| ४ | खर्च प्रक्रृया | कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम व्यवस्था गर्न सक्नेछ । निर्धारित आधार तथा चरणहरुको आधारमा भुक्तानी गर्दा खर्च शिर्षक अनुसार स्विकृत नक्सा, डिजाईन, कार्यसूची, कार्ययोजना, प्रस्ताव, सम्झौता तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता भएमा मात्र कार्यसम्पन्न प्रतिवेदनको स्विकृति तथा जिन्सी दाखिला प्रतिबेदनको आधारमा गरिनेछ। आर्थिक प्रशासन शाखाले आधार, प्रमाण, प्रतिबेदन सहितका सबै कागजातको आधारमा भुक्तानीको लागि पेस गर्नेछ। |
| ५ | प्रगतिको सूचक | कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । सम्पन्न कार्यक्रमको क्रियाकलाप पार्श्वोचित्र (Activity Profile) तयार भएको हुनेछ। कार्यालयको बार्षिक प्रगति प्रतिवेदनमा उल्लेख भएको हुनेछ। |
| ६ | उपभोक्ता समिति | मध्यवर्ती/संरक्षण क्षेत्रमा संचालन गरिने कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यक्रम संचालन गर्न सकिनेछ आवश्यकता अनुसार निकुन्ज /आरक्षको मध्यवर्ती क्षेत्र र बासिन्दाहरुसंग जोडिएका अन्य कार्यक्रमहरु पनि उपभोक्ता समिति मार्फत कार्यक्रम संचालन गर्न सकिनेछ। |

## परिच्छेद-२: संचालन गरिने कार्यक्रमहरु

# क.  राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना (३२९०३१०१)

### अ. पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु

### १. भवन निर्माण (३१११२)

### १.१ कार्यालय भवन निर्माण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | राष्ट्रिय निकुञ्ज घोषणा भए पश्चात निर्माण भएका मुख्य कार्यालय भवन हाल पुरानो हुनुका साथै संरक्षित क्षेत्रको कार्य क्षेत्र विस्तार र स्वीकृत संगठन संरचना अनुसार दरवन्दी थप भए अनुरुप कार्यालयका शाखाहरु व्यवस्थापन गर्न मुख्य कार्यालय भवन व्यवस्थित गर्नु पर्ने भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो । जसबाट कार्यालयको दैनिक प्रशासनिक कार्यका साथै सेवाग्राहीहरुलाई सहज ढंगबाट सेवा प्रदान गर्न सहयोग पुग्नेछ । |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय<br>२. रारा राष्ट्रिय निकुञ्ज कार्यालय<br>३. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज कार्याल |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट कार्यालय भवन निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । भवनको साथै आवश्यकता अनुसार भवनको परिसर, सुरक्षा पर्खाल, गेट आदि कार्यमा समेत लागत अनुमान स्विकृत गरी खर्च गर्न सकिनेछ । भवन निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ । भवन निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ । |
| ४ | कार्यप्रकृया | निर्माण हुने भवनको नक्सा डिजाईन, लागत अनुमान सहितको प्रस्ताव सम्बन्धित कार्यालयले तयार गरी विभागसंगको समन्वयमा स्विकृत गर्नेछ । कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा विभाग, विभागका प्राबिधिक कर्मचारी तथा सेक्टर, पोष्टको समेत सिफारिसलाई आधार बनाउनु पर्नेछ । भवन निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सुचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ । कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ । |
| ५ | खर्च प्रकृया | कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ । भुक्तानीको आधारहरु र चरणहरु निर्धारण गर्दा स्विकृत नक्सा, डिजाईन तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता लिईनेछ । प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्विकृतिको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | मुख्य कार्यालय भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको हुनेछ । कार्यालयको बार्षिक प्रगति प्रतिवेदन र सम्पत्ति विवरणमा उल्लेख भएको हुनेछ । संरक्षित क्षेत्रको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनमा सहज भएको हुनेछ भने सेवाग्राहीलाई सहज ढंगबाट सेवा प्रदान गरेको हुनेछ । |

## १.२ सेक्टर कार्याल भवन निर्माण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | वन,वन्यजन्तु तथा वनस्पतीको चोरी शिकार नियन्त्रण र वन्यजन्तुहरुको अनुगमनका लागि सुरक्षाका निमित्त तैनाथ नेपाली सेना र संरक्षित क्षेत्रका कर्मचारीहरुले दैनिक रुपमा संयुक्त गस्ती गर्नु पर्ने हुन्छ। संरक्षित क्षेत्रको मुख्य कार्यालय रहेको स्थानबाट संरक्षित क्षेत्रको सवै स्थानमा प्रत्येक दिन जान आउन नसकिने भएकोले संगठन संरचना अनुसार निश्चित क्षेत्रलाई समेट्ने गरी सेक्टर कार्यालय भवन निर्माण गरी सो मा कर्मचारी व्यवस्थापन गरी संरक्षण र व्यवस्थापनका कार्यहरु गर्नु पर्ने भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>चितवन राष्ट्रिय निकुञ्ज कार्यालय |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट सेक्टर कार्यालय भवन निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। भवनको साथै आवश्यकता अनुसार भवनको परिसर, सुरक्षा पर्खाल, गेट आदि कार्यमा समेत लागत अनुमान स्विकृत गरी खर्च गर्न सकिनेछ। भवन निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। भवन निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | निर्माण हुने भवनको नक्सा डिजाईन, लागत अनुमान सहितको प्रस्ताव सम्बन्धित कार्यालयले तयार गरी स्विकृत गर्नेछ। कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर, पोष्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ। भवन निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सुचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ। कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ। |
| ५ | खर्च प्रक्रृया | कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ। भुक्तानीको आधारहरु र चरणहरु निर्धारण गर्दा स्विकृत नक्सा, डिजाईन तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता लिईनेछ। प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्विकृतिको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | पोष्ट भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको हुनेछ। कार्यालयको बार्षिक प्रगति प्रतिवेदन र सम्पत्ति विवरणमा उल्लेख भएको हुनेछ। संरक्षित क्षेत्रको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनमा सहज भएको हुनेछ। |

## १.३ पोष्ट भवन निर्माण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | वन,वन्यजन्तु तथा वनस्पतीको चोरी शिकार नियन्त्रण र वन्यजन्तुहरुको अनुगमनका लागि सुरक्षाका निमित्त तैनाथ नेपाली सेना र संरक्षित क्षेत्रका कर्मचारीहरुले दैनिक रुपमा संयुक्त गस्ती गर्नु पर्ने हुन्छ। संरक्षित क्षेत्रको मुख्य कार्यालय रहेको स्थानबाट संरक्षित क्षेत्रको सवै स्थानमा प्रत्येक दिन जान आउन नसकिने भएकोले सवै क्षेत्रलाई समेट्ने गरी ठाउँ ठाउँमा स्थायी रुपमा पोष्ट भवन निर्माण गरी सो मा कर्मचारी व्यवस्थापन गरी संरक्षण र व्यवस्थापनका कार्यहरु गर्नु पर्ने भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज कार्यालय<br>२. बाँके राष्ट्रिय निकुञ्ज कार्यालय<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय<br>४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय<br>५. पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय |

| | | |
|---|---|---|
| | | ६. कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय<br>७. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय<br>८. लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय<br>९. सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय<br>१०. मकालु बरुण राष्ट्रिय निकुञ्ज कार्यालय<br>११. रारा राष्ट्रिय निकुञ्ज कार्यालय<br>१२. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज कार्यालय<br>१३. खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय<br>१४. ढोरपाटन शिकार आरक्ष कार्यालय<br>१५. कृष्णसार संरक्षण क्षेत्र कार्यालय |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट भवन निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । भवनको साथै आवश्यकता अनुसार भवनको परिसर, सुरक्षा पर्खाल, गेट आदि कार्यमा समेत लागत अनुमान स्विकृत गरी खर्च गर्न सकिनेछ । भवन निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ । भवन निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ । |
| ४ | कार्यप्रकृया | निर्माण हुने भवनको नक्सा डिजाईन, लागत अनुमान सहितको प्रस्ताव सम्बन्धित कार्यालयले तयार गरी स्विकृत गर्नेछ । कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोष्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । भवन निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सुचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ । कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ । |
| ५ | खर्च प्रक्रृया | कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ । भुक्तानीको आधारहरु र चरणहरु निर्धारण गर्दा स्विकृत नक्सा, डिजाईन तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता लिईनेछ । प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्विकृतिको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | पोष्ट भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको हुनेछ । कार्यालयको बार्षिक प्रगति प्रतिवेदन र सम्पत्ति विवरणमा उल्लेख भएको हुनेछ । संरक्षित क्षेत्रको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनमा सहज भएको हुनेछ । |

## १.४ हिमालयन रिसर्च सेन्टर भवन निर्माण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | विशेष गरी हिउँ चितुवाको अध्ययन अनुसन्धान गर्ने प्रयोजनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो । स्वीकृत डिजाईन, लागत अनुमानमा बहुबर्षिय कार्यक्रमको रुपमा यो अनुसन्धान केन्द्र निर्माण हुँदै आएको छ । विगतबाट निर्माण कार्य शुरु भएको यस भवन यस आ.ब.२०७८/७९ मा सम्पन्न हुनु पर्नेमा अधिकाँस कार्य सम्पन्न भएको छ । आ.ब. २०७९/८० मा निर्माण कार्य सम्पन्न भई संचालनमा आउनेछ । विकट हिमाली क्षेत्रमा निर्माण हुने यस भवनमा हिउँ चितुवाका अध्ययन अनुसन्धानकर्ता सुरक्षित रुपमा रहि अध्ययन अनुसन्धान गर्न सहजता ल्याउन यो कृयाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत कञ्चनजंघा संरक्षण क्षेत्र कार्यालयबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट हिमालयन रिसर्च सेन्टरका भवनहरु निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । भवनको साथै आवश्यकता अनुसार भवनको परिसर, सुरक्षा पर्खाल, गेट आदि कार्यमा समेत लागत अनुमान स्विकृत गरी खर्च गर्न सकिनेछ । भवन निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, सवारी ईन्धन तथा मर्मत आदिमा खर्च |

| | | |
|---|---|---|
| | | गर्न सकिनेछ। भवन निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | स्वीकृत नक्सा, डिजाईन र लागत अनुमान बमोजिम निर्माण कार्य संचालन गरिनेछ। कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। भवन निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सुचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गर्नेछ। कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ। |
| ५ | खर्च प्रक्रृया | कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ। भुक्तानीको आधारहरु र चरणहरु निर्धारण गर्दा स्विकृत नक्सा, डिजाईन तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता लिनुपर्नेछ। प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्विकृतिको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | हिमालयन रिसर्च सेन्टर भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको हुनेछ। कार्यालयको बार्षिक प्रगति प्रतिवेदन र सम्पत्ति विवरणमा उल्लेख भएको हुनेछ। कंचनजंघा सं.क्षे.मा विकट हिमाली क्षेत्रमै बसी हिउँ चितुवाको अध्ययन अनुसन्धानको कार्य शुरु गर्न पूर्वाधारको विकास भएको हुनेछ। |

## १.५ हिरासत भवन निर्माण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रको संरक्षणका लागि संरक्षित क्षेत्र कार्यालय र संरक्षणमा खटिएका नेपाली सेनाले दैनिक रुपमा गस्ति, स्वीप अपरेशन लगायतका कार्यहरु गर्ने गर्दछन। यसरी गस्ती गर्दा विना ईजाजत संरक्षित क्षेत्रमा प्रवेश गरी अवैध क्रियाकलापहरु गर्ने, चोरी शिकार गर्ने जस्ता व्यक्तिहरुलाई पक्राउ गरी कानूनी प्रकृयाको लागि मुख्य कार्यालयमा बुझाईन्छ। कानूनी प्रकृया पुरा गर्दा अनुसन्धानका लागि केही समय हिरासतमा राख्नु पर्ने हुन्छ। यसरी कार्यालयमा राख्न सुरक्षित र न्यूनतम आधारभुत आवश्यकता पुरा भएका कोठाहरु सहितको भवन आवश्यक हुने भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट हिरासत भवनहरु निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। भवनको साथै आवश्यकता अनुसार भवनको परिसर, सुरक्षा पर्खाल, गेट आदि कार्यमा समेत लागत अनुमान स्विकृत गरी खर्च गर्न सकिनेछ । भवन निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्ट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, सवारी ईन्धन तथा मर्मत आदिमा खर्च गर्न सकिनेछ। भवन निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | स्वीकृत नक्सा, डिजाईन र लागत अनुमान बमोजिम निर्माण कार्य संचालन गरिनेछ। कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। भवन निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सुचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गर्नेछ। कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ। |
| ५ | खर्च प्रक्रृया | कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ। भुक्तानीको आधारहरु र चरणहरु निर्धारण गर्दा स्विकृत नक्सा, डिजाईन तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता लिनुपर्नेछ। प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्विकृतिको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | हिरासत भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको हुनेछ। कार्यालयको बार्षिक प्रगति प्रतिवेदन र सम्पत्ति विवरणमा उल्लेख भएको हुनेछ। कंचनजंघा सं.क्षे.मा विकट हिमाली क्षेत्रमै बसी हिउँ चितुवाको अध्ययन अनुसन्धानको कार्य शुरु गर्न पूर्वाधारको विकास भएको हुनेछ। |

## १.६ अधुरो भवन निर्माण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्र कार्यालयहरुमा गत आ.ब. २०७८/७९ मा निर्माण कार्य भै रहेका भवनहरु विविध कारणले निर्माण सम्पन्न हुन नसकि अधुरो रहेका त्यस्ता भवनहरु निर्माण सम्पन्न गर्न यस क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय<br>२. कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय<br>३. मकालु बरुण राष्ट्रिय निकुञ्ज कार्यालय<br>४. ढोरपाटन शिकार आरक्ष कार्यालय |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट अधुरो भवन निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । भवन निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, सवारी ईन्धन तथा मर्मत आदिमा खर्च गर्न सकिनेछ । भवन निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ । |
| ४ | कार्यप्रकृया | स्वीकृत नक्सा, डिजाईन र लागत अनुमान बमोजिम निर्माण कार्य संचालन गरिनेछ । भवन निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ । उपयुक्त आधार र कारणले अघिल्लो ठेक्कालाई म्याद गर्दा थप भएको समयमा सम्पन्न हुन सक्ने भए म्याद थप गरेर पनि निर्माण कार्य पुरा गर्न सकिनेछ  तर उक्त समय भित्र अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ । कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित  प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ । |
| ५ | खर्च प्रक्रृया | कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ । भुक्तानीको आधारहरु र चरणहरु निर्धारण गर्दा स्विकृत नक्सा, डिजाईन तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता लिईनेछ । प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्विकृतिको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | अधुरा भवनहरुको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको हुनेछ । कार्यालयको बार्षिक प्रगति प्रतिवेदन र सम्पत्ति विवरणमा उल्लेख भएको हुनेछ । अधुरो रहेका ३ वटा भवनहरुको निर्माण कार्य सम्पन्न भै कार्यालयको कार्य संचालनमा सहजता आएको  हुनेछ  । |

## १.७ कार्यालय भवनमा तल्ला थप

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्र कार्यालयको मुख्य कार्यालय भवनमा बैठक कोठा लगायत विभिन्न शाखाहरु व्यवस्थापन गर्नु पर्ने हुँदा कोठाहरु नपुग भई सेवाग्राहीहरुलाई सहज रुपमा सेवा प्रदान गर्न  कठीनाई भएकोले मुख्य कार्यालय भवनमा थप कोठाहरु व्यवस्थापनका लागि यस क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. बर्दिया  राष्ट्रिय निकुञ्ज कार्यालय<br>२. बाँके  राष्ट्रिय निकुञ्ज कार्यालय |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट  भै रहेको भवनको तल्ला थप गर्ने  कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । भवन निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन |

| | | |
|---|---|---|
| | | मुल्यांकन, प्राविधिक जनशक्ति, सवारी ईन्धन तथा मर्मत आदिमा खर्च गर्न सकिनेछ। भवन निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | स्वीकृत नक्सा, डिजाईन र लागत अनुमान बमोजिम निर्माण कार्य संचालन गरिनेछ। भवन निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ। कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ। |
| ५ | खर्च प्रक्रृया | कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ। भुक्तानीको आधारहरु र चरणहरु निर्धारण गर्दा स्विकृत नक्सा, डिजाईन तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता लिईनेछ। प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्विकृतिको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | कार्यालय भवनको तल्ला थप गर्ने कार्य सम्पन्न भई सञ्चालनमा आएको हुनेछ। कार्यालयको बार्षिक प्रगति प्रतिवेदन र सम्पत्ति विवरणमा उल्लेख भएको हुनेछ। |

## १.८ अधुरो पर्यटक सूचना केन्द्र निर्माण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | कोभिड-१९ लगायतका कारणले गर्दा निर्माण सम्पन्न हुन नसकी अधुरो रहेको पर्यटक सूचना केन्द्रको निर्माण कार्य सम्पन्न गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस निर्माण कार्यबाट पर्यटकले संरक्षित क्षेत्रको बारेमा अधिक जानकारी हासिल गर्न सक्नेछन। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयहरुबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट अधुरो रहेको पर्यटक सूचना केन्द्र निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। भवन निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, सवारी ईन्धन तथा मर्मत आदिमा खर्च गर्न सकिनेछ। भवन निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | स्वीकृत नक्सा, डिजाईन र लागत अनुमान बमोजिम निर्माण कार्य संचालन गरिनेछ। भवन निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ। कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ। |
| ५ | खर्च प्रक्रृया | कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ। भुक्तानीको आधारहरु र चरणहरु निर्धारण गर्दा स्विकृत नक्सा, डिजाईन तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता लिईनेछ। प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्विकृतिको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | अधुरो पर्यटक सूचना केन्द्र निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको हुनेछ। कार्यालयको बार्षिक प्रगति प्रतिवेदन र सम्पत्ति विवरणमा उल्लेख भएको हुनेछ र पर्यटकले सहज ढंगबाट संरक्षित क्षेत्रको बारेमा जानकारी हासिल गर्न सकेका हुनेछन्। |

## सवारी साधन खरिद (३११२१)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | कार्यालयको दैनिक प्रशासनिक कार्य ( सरोकारवालाहरुसंगको समन्वय वैठक, राजश्व दाखिला, म.क्षे.व्यवस्थापन समूह/समितिको वैठक मा सहभागी हुने) का अतिरिक्त गस्ती जाने कार्यमा समेत प्रयोग गर्ने उदेश्यले साईकल, मोटरसाईकल/ स्कूटर जस्ता सवारी साधन खरिद कार्यका लागि यस क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज<br>५. पर्सा राष्ट्रिय निकुञ्ज<br>६. कोशीटप्पु वन्यजन्तु आरक्ष<br>७. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज<br>८. लामटाङ राष्ट्रिय निकुञ्ज<br>९. मकालु बरुण राष्ट्रिय निकुञ्ज<br>१०. खप्तड राष्ट्रिय निकुञ्ज<br>११. ढोरपाटन शिकार आरक्ष |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट सवारी साधन (साईकल, मोटरसाईकल/स्कूटर) खरिद गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | सवारी साधन खरिद कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको प्रतिवेदन र कार्यालयको दाखिला प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलब्धी | कार्य सम्पन्न प्रतिबेदन, जिन्सी दाखिला प्रतिबेदन र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। साथै कर्मचारीलाई दैनिक प्रशासनिक लगायत गस्ती गर्ने कार्यमा टेवा पुगेको हुनेछ । |

## मेशिन औजार खरिद (३११२२)

### ल्यापटप, डेस्कटप लगायतका उपकरण खरिद

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | कार्यालयको काममा दैनिक प्रयोजनमा आउने ल्यापट,, डेस्कटप कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशीन, स्क्यानर, क्यामेरा, प्रोजेक्टर, बाईनाकुलर, ग्राँस कटर, सिसि क्यामेरा, गोप्रो क्यामेरा, ट्राईपोड लगायतका उपकरणहरु खरिद गर्ने प्रयोजनका लागि यस क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज<br>५. पर्सा राष्ट्रिय निकुञ्ज<br>६. कोशीटप्पु वन्यजन्तु आरक्ष<br>७. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज<br>८. लामटाङ राष्ट्रिय निकुञ्ज<br>९. सगरमाथा राष्ट्रिय निकुञ्ज<br>१०. मकालु बरुण राष्ट्रिय निकुञ्ज |

| | | |
|---|---|---|
| | | ११. रारा राष्ट्रिय निकुञ्ज<br>१२ शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज<br>१३. खप्तड राष्ट्रिय निकुञ्ज<br>१४. ढोरपाटन शिकार आरक्ष<br>१५. अपिनाम्पा संरक्षण क्षेत्र<br>१६. कृष्णसार संरक्षण क्षेत्र<br>१७. कंञ्चनजङ्घा संरक्षण क्षेत्र<br>१८. अन्नपूर्ण संरक्षण क्षेत्र<br>१९. मनासलू संरक्षण क्षेत्र<br>२०. गौरीशंकर संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट मेशिन उपकरणहरु (ल्यापटप, डेस्कटप, प्रिन्टर, फोटोकपी मेशिन, डिजिटल क्यामेरा, स्क्यानर, प्रोजेक्टर, बाईनाकुलर, नाईटभिजन वाईनाकुलर, गोप्रो क्यामेरा, ग्राँस कटर, ट्राईपोड, डिजिटल डिस्प्ले, सिसि क्यामेरा, जि.पि.एस आदि) खरिद गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | मेशिन औजार खरिद कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको प्रतिवेदन र कार्यालयको दाखिला प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलब्धी | कार्य सम्पन्न प्रतिबेदन, जिन्सी दाखिला प्रतिबेदन र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। |

**वन्यजन्तु उद्धारका फिल्डगेयर खरिद**

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | चोरी शिकारी तथा घरपालुवा शिकारी कुकुर तथा शिकारी वन्यजन्तुका आक्रमणका कारण माउबाट छुट्न पुगेका टुहुरा वन्यजन्तु र संरक्षित क्षेत्रहरुमा वन्यजन्तुका संख्यामा बृद्धि भएसंगै पानी र खानाका लागि जंगली जनावरहरु जंगल क्षेत्रबाट बाहिर निस्की गाउँ बस्ति सम्म पुग्ने र मानवीय तथा घरपालुवा पशु र अन्न बालिहरु समेत क्षती पुऱ्याउनुका साथै स्थानीय बासिन्दाका होहल्लाका कारण गोठ, खोर तथा गाउँ बस्तिका झाडीहरुमा लुकेर बसि दिने समस्यामूलक वन्यजन्तुहरुलाई उद्धार गरी संरक्षित क्षेत्र वा सुरक्षित स्थानमा लैजानु पर्ने हुन्छ। त्यस्ता टुहुरा तथा समस्यामूलक वन्यजन्तुलाई उद्धार गर्दा आवश्यक पर्ने फिल्डगेयर व्यवस्थापन गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१.कोशीटप्पु वन्यजन्तु आरक्ष |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तु उद्धारका लागि आवश्यक औषधी तथा सामाग्रीहरु (जाल/महाजाल, विशेष खालको पोषाक, वन्यजन्तु पक्राउ गर्न प्रयोग गरिने औजार, उपकरण, पञ्जा, बुट, खुकुरी लगायतका फिल्डगेयर) खरिद गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | वन्यजन्तु उद्धारका फिल्डगेयर खरिद कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको प्रतिवेदन र कार्यालयको दाखिला प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलब्धी | कार्य सम्पन्न प्रतिबेदन, जिन्सी दाखिला प्रतिबेदन र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ।<br>कर्मचारीलाई टुहुरा तथा समस्यामुलक वन्यजन्तु व्यवस्थापन गर्न सहज भई मानव वन्यजन्तु द्वन्द न्यूनिकरण गर्ने कार्यमा टेवा पुगेको हुनेछ । |

## फर्निचर तथा फिक्चर्स

### कार्यालयको लागि फर्निचर खरिद

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | कार्यालयको काममा  दैनिक प्रयोजनका लागि आवश्यक पर्ने फर्निचरहरु (मेच,  टेवुल, दराज आदी)   खरिद गर्ने प्रयोजनका लागि यस क्रियाकलापको व्यवस्था गरिएको  हो । |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप  विभाग अन्तर्गत राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र  कार्यालयहरुबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट कार्यालयका फर्निचर   खरिद गर्न प्रयोग गरिनेछ । |
| ४ | कार्यप्रकृया | फर्निचर  खरिद कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको प्रतिवेदन र कार्यालयको दाखिला प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | कार्य सम्पन्न प्रतिबेदन, जिन्सी दाखिला किताव र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । |

## पूँजिगत परामर्श (३११३५)

### संरक्षित क्षेत्रमा रहेका घाँसे मैदानहरुको ईकोलोजिकल नक्सांकन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | तराईका संरक्षित क्षेत्रहरुमा वन्यजन्तुको बासस्थान व्यवस्थापन अन्तर्गत घाँसे मैदान व्यवस्थापन महत्वपूर्ण कार्य हो । प्रत्येक संरक्षित क्षेत्रमा कुन प्रजातीका वन्यजन्तुको कुन कुन स्थानमा बाक्लो उपस्थिति हुने गर्दछ र सोही अनुरुप कुन कुन स्थानमा, के कति क्षेत्रफल घाँसे मैदानहरु व्यवस्थापन भएका छन सो को नक्साँकन गर्ने प्रयोजनका लागि यस क्रियाकलापको व्यवस्था गरिएको हो । यसवाट आगामी दिनमा के कति क्षेत्रफलका कुन  कुन स्थानमा घाँसे मैदान व्यवस्थापन गर्नु पर्ने हो सो को समेत जानकारी प्राप्त हुनेछ । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयहरुबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट संरक्षित क्षेत्रमा रहेका घाँसे मैदानहरुको ईकोलोजिकल नक्साँकन गर्ने कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । |
| ४ | कार्यप्रकृया | संरक्षित क्षेत्रमा रहेका घाँसे मैदानहरुको ईकोलोजिकल नक्साँकन  गर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको प्रतिवेदन र कार्यालयको दाखिलाको आधारमा अन्तिम भुक्तानी हुनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | संरक्षित क्षेत्रमा रहेका घाँसे मैदानहरुको ईकोलोजिकल नक्साँकन  गर्ने  कार्य भएको हुनेछ । जिन्सी दाखिला र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । |

## व्यवस्थापन योजना निर्माण/पुन:निर्माण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | प्रत्येक संरक्षित क्षेत्रहरु र सो को मध्यवर्ती क्षेत्रहरु त्यसको स्वीकृत पाँच बर्षीय व्यवस्थापन योजना अन्तर्गत संरक्षण र व्यवस्थापन हुँदै आएका छन । पाँच बर्षे अवधि समाप्त भए पश्चात संरक्षित क्षेत्रहरुको व्यवस्थापन योजना पुन: निर्माण गर्नु पर्ने भएकोले सो प्रयोजन र व्यवस्थापन योजनाको IEE गर्ने कार्यका लागि  समेत यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१.   पर्सा राष्ट्रिय निकुञ्ज |

| | | |
|---|---|---|
| | | २. लामटाङ राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट व्यवस्थापन योजना निर्माण तथा पुन: निर्माण कार्य सम्पन्न गर्न खटिने परामर्श बिज्ञ, संस्थाको लागि प्रयोग गरिनेछ। कार्यालय आफैले कर्मचारी परिचालन गरी समेत व्यवस्थापन योजना निर्माण पुननिर्माण गर्न सक्नेछ। व्यवस्थापन योजनाको IEE गर्ने कार्यका लागि समेत बजेट खर्च गर्न सकिनेछ। संरक्षित क्षेत्रको व्यवस्थापन योजना तयारी कार्यविधी अनुरुपका कार्यहरुमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | संरक्षित क्षेत्रको व्यवस्थापन योजना निर्माण कार्य "संरक्षित क्षेत्रको व्यवस्थापन योजना तयारी कार्यविधि,२०७३" बमोजिम गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | व्यवस्थापन योजनाको अन्तिम प्रतिबेदन कार्यालयबाट स्वीकृत भई छपाई गरी कार्यालयमा दाखिला भएको प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी हुनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | व्यवस्थापन योजना तयार गरी छपाई भएको हुनेछ। जिन्सी दाखिला र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। स्वीकृत व्यवस्थापन योजनाले निर्दिष्ट गरे अनुरुप संरक्षण र व्यवस्थापनका कार्यहरु भएका हुनेछन्। |

## व्यवस्थापन योजनाको आई ई ई तयार

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | प्रत्येक संरक्षित क्षेत्रहरु र सो को मध्यवर्ती क्षेत्रहरु त्यसको स्वीकृत पाँच बर्षीय व्यवस्थापन योजना अन्तर्गत संरक्षण र व्यवस्थापन हुँदै आएका छन। पाँच बर्षे अवधि समाप्त भए पश्चात संरक्षित क्षेत्रहरुको व्यवस्थापन योजना पुन: निर्माण गर्नु पर्ने भई निर्माण भएका तर IEE हुन बाँकी रहेका व्यवस्थापन योजनाहरुको IEE गर्ने कार्यका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>३. बाँके राष्ट्रिय निकुञ्ज<br>४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट व्यवस्थापन योजनाको IEE गर्न कार्यका लागि प्रयोग गरिनेछ। कार्यालय आफैले कर्मचारी परिचालन गरी समेत व्यवस्थापन योजना निर्माण पुननिर्माण गर्न सक्नेछ। व्यवस्थापन योजनाको IEE गर्ने कार्यका लागि समेत बजेट खर्च गर्न सकिनेछ। संरक्षित क्षेत्रको व्यवस्थापन योजना तयारी कार्यविधी अनुरुपका कार्यहरुमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यो कार्य सार्वजनिक खरिद प्रकृया बमोजिम सेवा प्रदायक संस्था मार्फत गरिने छ । |
| ५ | खर्च प्रक्रृया | व्यवस्थापन योजनाको अन्तिम प्रतिबेदन स्वीकृत भई छपाई गरी कार्यालयमा दाखिला भएको प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी हुनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | व्यवस्थापन योजना तयार गरी छपाई भएको हुनेछ। जिन्सी दाखिला र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। स्वीकृत व्यवस्थापन योजनाले निर्दिष्ट गरे अनुरुप संरक्षण र व्यवस्थापनका कार्यहरु भएका हुनेछन्। |

## रामसार साईटको व्यवस्थापन योजना तयार

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | रामसार साईटमा सूचिकृत भएका नेपालका संरक्षित क्षेत्रहरुमा रहेका रामसार साइटको संरक्षण र व्यवस्थापनका लागि रामसार साईटको व्यवस्थापन योजना तयार गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>५. बाँके राष्ट्रिय निकुञ्ज<br>६. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट रामसार साईटको व्यवस्थापन योजना तयार गर्ने कार्यका लागि प्रयोग गरिनेछ। |

| | | |
|---|---|---|
| ४ | कार्यप्रकृया | यो कार्य सार्वजनिक खरिद प्रकृया बमोजिम सेवा प्रदायक संस्था मार्फत गरिने छ । |
| ५ | खर्च प्रक्रृया | रामसार साईटको व्यवस्थापन योजनाको अन्तिम प्रतिबेदन स्वीकृत भई छपाई गरी कार्यालयमा दाखिला भएको प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी हुनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | रामसार साईटको व्यवस्थापन योजना तयार गरी छपाई भएको हुनेछ । जिन्सी दाखिला र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । स्वीकृत व्यवस्थापन योजनाले निर्दिष्ट गरे अनुरुप रामसार साईटको संरक्षण र व्यवस्थापनका कार्यहरु भएका हुनेछन् । |

**रारा क्षेत्रको पर्यटन विकास रणनीति तयार**

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | रारा राष्ट्रिय निकुञ्जको रारा तालमा जाने पर्यटकहरु दिन प्रति दिन बढ्दै गई रहेका छन। रारा राष्ट्रिय निकुञ्जमा दीगो पर्यटन विकासका लागि पर्यटन विकास रणनीतिको आवश्यकता देखिएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत रारा राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट पर्यटन विकास रणनीति तयार गर्ने कार्यका लागि प्रयोग गरिनेछ । |
| ४ | कार्यप्रकृया | यो कार्य सार्वजनिक खरिद प्रकृया बमोजिम सेवा प्रदायक संस्था मार्फत गरिने छ । |
| ५ | खर्च प्रक्रृया | रारा क्षेत्रको पर्यटन विकास रणनीति स्वीकृत भई छपाई गरी कार्यालयमा दाखिला भएको प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी हुनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | रारा क्षेत्रको पर्यटन विकास रणनीति तयार गरी छपाई भएको हुनेछ । जिन्सी दाखिला र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । स्वीकृत पर्यटन विकास रणनीतिले निर्दिष्ट गरे अनुरुप रारा राष्ट्रिय निकुञ्जमा पर्यटन विकासका कार्यहरु भएका हुनेछन् । |

**सडक तथा पुल निर्माण (३११५१) (सार्वजनिक निर्माण)**

**वनपथ ग्राभेलिङ**

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | प्राय:गरी तराइका संरक्षित क्षेत्रहरुमा पर्यटकहरुलाई संरक्षित क्षेत्रको अवलोकन गर्न तथा वन्यजन्तुको चोरी शिकार नियन्त्रणका लागि नियमित गस्ती गर्न सकिने वनपथको सञ्जाल हुनु पर्दछ । तर बर्षादको समयमा वनपथहरु हिलो र पानीका कारण संचालनयोग्य नहुने भएकोले त्यस्ता वनपथहरुमा ग्राभेलिङ गरी सवै मौसममा सवारी आवत जावत हुन सक्ने बनाउन यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत पानी जम्ने ठाउँहरुमा ग्राभेल विछयाउने वा ग्राभेलिङ गरी सवारी साधन नियमित रुपमा संचालन हुने व्यवस्था गरिनेछ । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज<br>५. पर्सा राष्ट्रिय निकुञ्ज<br>६. कोशीटप्पु वन्यजन्तु आरक्ष |

| | | |
|---|---|---|
| | | ७. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज<br>८. कृष्णसार संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट वनपथ ग्राभेलिङ कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। वनपथ ग्राभेलिङको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। ग्राभेलिङका लागि आवश्यक ढुंगा, गिटी, बालुवा संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तुको आनीबानी सम्वन्धी सचेतना गोष्ठी कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। यस शीर्षकबाट गोष्ठीका सहभागी तथा कर्मचारीहरुको स्टेशनरी, खाना, खाजामा खर्च गरिनेछ। |

| | | |
|---|---|---|
| ४ | कार्यप्रकृया | वन्यजन्तुको आनीबानी सम्वन्धी सचेतना गोष्टी कार्य विज्ञ समेतको व्यवस्था गरि कर्मचारीबाट गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | वन्यजन्तुको आनीबानी सम्वन्धी सचेतना गोष्टी कार्यले स्थानीय बासिन्दामा वन्यजन्तुको आनीबानी सम्वन्धी सचेतना भएको हुनेछ। |

## सरोकारवालाहरुसँग संरक्षण सम्वन्धी अन्तरकृया गोष्ठी

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रको महत्व, संरक्षणको आवश्यकता, संरक्षणमा सरोकारवाला निकायहरुको भूमिका, संरक्षित क्षेत्रका समस्या र चुनौतिहरुको बारेमा सम्बन्धित सरोकारवाला निकायहरु बीच छलफल गरी संरक्षित क्षेत्रको संरक्षण र व्यवस्थापनमा थप योगदान पुर्‍याउनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. शुक्लाफांटा राष्ट्रिय निकुञ्ज<br>४. कोशीटप्पु वन्यजन्तु आरक्ष<br>५. लामटाङ राष्ट्रिय निकुञ्ज<br>६. सगरमाथा राष्ट्रिय निकुञ्ज<br>७. मकालु वरुण राष्ट्रिय निकुञ्ज<br>८. रारा राष्ट्रिय निकुञ्ज<br>९. शे-फोक्सुणडो राष्ट्रिय निकुञ्ज<br>१०. ढोरपाटन शिकार आरक्ष<br>११. अपिनम्पा संरक्षण क्षेत्र<br>१२. कृष्णसार संरक्षण क्षेत्र<br>१३. कंचनजंघा संरक्षण क्षेत्र<br>१४. अन्नपूर्ण संरक्षण क्षेत्र<br>१५. मनासलु संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट सरोकारवालाहरुसँग संरक्षण सम्वन्धी अन्तरक्रिया गोष्ठी कार्य सम्पन्न गर्न गोष्ठीका सहभागी तथा कर्मचारीहरुको स्टेशनरी, खाना, खाजामा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस कार्यक्रम अन्तर्गत संरक्षित क्षेत्र कार्यालयबाट सरोकारवाला निकायहरुसंग समन्वय, संरक्षण सम्वन्धि अन्तर्कृया तथा छलफल कार्य सम्वन्धित कार्यालयका कर्मचारीबाट गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | संरक्षण सम्वन्धी अन्तरकृया गोष्ठी भई संरक्षण र व्यवस्थापनमा सरोकारवाला निकायहरुबीच समन्वय र साझेदारीमा थप मजबुत भएको हुनेछ। |

## वन्यजन्तु अपराध नियन्त्रण व्यूरो बैठक /गोष्ठी

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणका लागी सरोकारवाला संस्थाहरुको सहयोगको आवश्यकता पर्दछ। त्यसैले वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणका लागि केन्द्रमा केन्द्रियस्तरको वन्यजन्तु अपराध नियन्त्रण व्युरो र जिल्लामा जिल्लास्तरिय वन्यजन्तु अपराध नियन्त्रण ईकाईहरु गठन भएका छन। उक्त इकाईलाई सक्रिय रुपमा परिचालन गर्नका लागि समय समयमा समन्वय वैठक बस्नु पर्ने हुँदा यस क्रियाकलापको व्यवस्था गरिएको हो। |

| | | |
|---|---|---|
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज<br>५. पर्सा राष्ट्रिय निकुञ्ज<br>६. कोशीटप्पु वन्यजन्तु आरक्ष<br>७. लामटाङ राष्ट्रिय निकुञ्ज<br>८. सगरमाथा राष्ट्रिय निकुञ्ज<br>९. मकालु वरूण राष्ट्रिय निकुञ्ज<br>१०. रारा राष्ट्रिय निकुञ्ज<br>११. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज<br>१२. खप्तड राष्ट्रिय निकुञ्ज<br>१३. अपिनम्पा संरक्षण क्षेत्र<br>१४. कंचनजंघा संरक्षण क्षेत्र<br>१५. मनास्लू संरक्षण क्षेत् |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट वन्यजन्तु अपराध नियन्त्रण व्यूरो बैठक /गोष्ठी कार्य सम्पन्न गर्न वैठकका सहभागीहरुको स्टेशनरी, वैठक भत्ता तथा खाजामा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | वन्यजन्तु अपराध नियन्त्रण व्यूरो बैठक /गोष्ठी कार्यालयका कर्मचारीहरुबाट संचालन गरिनेछ। |
| ५ | खर्च प्रकृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | सरोकारवाला निकाय बीच समन्वय र सहकार्य भई वन्यजन्तु अपराध नियन्त्रण गर्न सहयोग पुगेको हुनेछ। |

## मानव-वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना गोष्ठी

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रमा वन्यजन्तुको बासस्थान संरक्षण तथा सुधारका कार्यहरुले एकातर्फ वन्यजन्तुको संख्यामा बृद्धी हुन पुगेको छ भने अर्को तर्फ संरक्षित क्षेत्रमा वृद्धि भएका वन्यजन्तुहरु खाना तथा पानीको अपुगका कारण गाउँ बस्तीमा जाने क्रम बढ्दा आवादीका अन्नबाली खाईदिने, मांसाहारी वन्यजन्तुले घर गोठका पशुहरुमाथी आक्रमण गर्ने, मानिसहरुलाई आक्रमण गर्ने कारणले गर्दा मानव वन्यजन्तुवीच द्वन्द सृजना हुन पुगेको छ। द्वन्द न्यूनिकरणका लागि के कस्ता कार्यक्रमहरु संचालन गर्ने, वन्यजन्तुबाट कसरी सुरक्षित हुने सो बारे स्थानीय बासिन्दालाई जानकारी गराउने उदेश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत सवै राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्र कार्यालयहरुबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | यस कार्यक्रममा छुट्टाईएको बजेटबाट मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना गोष्ठी कार्य सम्पन्न गर्न गोष्ठीका सहभागीहरुको स्टेशनरी तथा खाजा तथा कर्मचारीहरुको दै.भ्र.भ.मा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना गोष्ठी कार्यालयका कर्मचारीहरुबाट संचालन गरिनेछ। |
| ५ | खर्च प्रकृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | स्थानीय बासिन्दाहरुमा मानव वन्यजन्तु द्वन्द न्यूनिकरणका लागि सचेतना अभिबृद्धि भएको हुनेछ। |

## सामुदायिक वन व्यवस्थापन तालिम/गोष्ठी

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | मध्यवर्ती क्षेत्रमा रहेका मध्यवर्ती सामुदायिक वन व्यवस्थापनका लागी समितिका पदाधिकारीहरुलाई वन व्यवस्थापन तालिम दिनु पर्ने हुँदा यस क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. बाँके राष्ट्रिय निकुञ्ज<br>२. बर्दिया राष्ट्रिय निकुञ्ज<br>३. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज<br>४. पर्सा राष्ट्रिय निकुञ्ज<br>५. लामटाङ राष्ट्रिय निकुञ्ज<br>६. मकालु बरुण राष्ट्रिय<br>७. रारा राष्ट्रिय निकुञ्ज<br>८. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज<br>९. खप्तड राष्ट्रिय निकुञ्ज<br>१०. अपीनाम्पा संरक्षण क्षेत्र<br>११. कृष्णसार संरक्षण क्षेत्र<br>१२. कंचनजंघा संरक्षण क्षेत्र<br>१३. मनास्लु संरक्षण क्षेत्र<br>१४. गौरीशंकर संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | यस कार्यक्रममा छुट्टाईएको बजेट सामुदायिक वन व्यवस्थापन तालिम/गोष्ठी कार्य सम्पन्न गर्न तालिम/गोष्ठीको प्रशिक्षण भत्ता तथा सहभागीहरुका लागी खाजा, वसभाडा, स्टेशनरी, प्रतिवेदन तयारी लगायतमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। यस अन्तर्गत सम्वन्धित विज्ञ मार्फत सामुदायिक वनका पदाधिकारीहरुलाई सामुदायिक वन व्यवस्थापन तालिम/गोष्ठी संचालन गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | स्वीकृत कार्ययोजना, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न पश्चात प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा खर्च प्रक्रृया अवलम्बन गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | सामुदायिक वन व्यवस्थापन तालिम गोष्ठी सम्पन्न भई मध्यवर्ती सामुदायिक वन व्यवस्थापन कार्य प्रभावकारी भएको हुनेछ। |

## कार्यक्रम खर्च (२२५२२)

## बार्षिक प्रगति पुस्तिका प्रकाशन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रभित्र सञ्चालन गरिएका विविध गतिविधिहरु, पर्यटको संख्या, राजश्वको विवरण, मानव वन्यजन्तु द्धन्दको अवस्था, अध्ययन अनुसन्धान, कर्मचारीका साथै राहत वितरण लगायतका सम्पूर्ण कार्यहरुको प्रगतिलाई एकिकृत गरी वार्षिक रुपमा कार्यालयको प्रगति विवरण सार्वजनिक गर्ने प्रयोजनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो। |

| | | |
|---|---|---|
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत सवै राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्र कार्यालयहरुबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट बार्षिक प्रगति पुस्तिका प्रकाशन गर्ने कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । |
| ४ | कार्यप्रकृया | कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । बार्षिक प्रगति पुस्तिका प्रकाशन गर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । यस अन्तर्गत सम्वन्धित कार्यालयका कर्मचारीले बार्षिक प्रतिवेदन तयार गर्नेछन र सेवा प्रदायक संस्था मार्फत छपाई भई कार्यालयबाट वितरण गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | स्वीकृत कार्ययोजना, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न पश्चात कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृति तथा बार्षिक पुस्तिका कार्यालयमा दाखिलाको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | बार्षिक प्रगति पुस्तिका प्रकाशन तथा वितरण भई संरक्षित क्षेत्रभित्र सञ्चालन भएका र गरिएका विविध गतिविधिहरुको बारेमा प्रगति विवरण सार्वजनिक भएको हुनेछ । |

## संरक्षण सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रको आसपास तथा  मध्यवर्ती क्षेत्रमा रहेका स्थानीय बासिन्दाहरु कतिपय अवस्थामा अज्ञानताका कारण कसूर गर्न पुग्दछन, त्यसैले स्थानीय बासिन्दालाई संरक्षित क्षेत्रको बारेमा जानकारी गरानु पर्ने हुँदा उनीहरुले देख्ने र बुझ्ने गरी सार्वजनिक स्थलहरुमा संरक्षण सम्वन्धी पर्चा, पम्पलेट, फोटोहरु टाँस गर्न उपयुक्त देखिएकोले यस क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत सवै राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष र संरक्षण क्षेत्र कार्यालयहरुबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट संरक्षण सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण कार्य सम्पन्न गर्न प्रचार प्रसार सामाग्री ( पर्चा, पम्पलेट ) डिजाईन तथा छपाई कार्यमा खर्च गरिनेछ । |
| ४ | कार्यप्रकृया | कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित  प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । संरक्षण सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण कार्य सम्पन्न गर्दा सम्वन्धित कार्यालयका कर्मचारीले प्रचार प्रसार सामाग्री तयार गर्नेछन र छपाई प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सम्पन्न गरी वितरण गरिनेछ । यस अन्तर्गत कार्यालयले संरक्षणको महत्व, निषेधित कार्यहरु र निषेधित कार्यहरु गर्दा हुने संजायको बारेमा सरल र छोटो रुपमा पर्चा, पम्पलेट  तयार गरी ठाउँ ठाउँमा टाँस्ने तथा वितरण गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | स्वीकृत कार्ययोजना, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न पश्चात कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृति तथा प्रचार प्रसार सामाग्री कार्यालय दाखिलाको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | स्थानीय बासिन्दाहरुमा  संरक्षित क्षेत्र सम्वन्धी जनचेतना अभिवृद्धि भएको हुनेछ । |

## संरक्षण सम्वन्धी संचार माध्यमबाट प्रचार प्रसार

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रको आसपास तथा  मध्यवर्ती क्षेत्रमा रहेका स्थानीय बासिन्दाहरु अज्ञानताका कारण संरक्षित क्षेत्रका निषेशित कार्य  गर्न पुग्दछन, त्यसैले स्थानीय बासिन्दालाई संरक्षित क्षेत्रको बारेमा जानकारी गराउनु पर्ने हुँदा उनीहरुले सुन्ने रेडियो एफ.एम. तथा टि.भि. मार्फत सूचना एवं जानकारी गराउँदा बढि प्रभावकारी हुने देखिएकोले यस क्रियाकलापको व्यवस्था गरिएको हो । |

| | | |
|---|---|---|
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत सबै राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष र संरक्षण क्षेत्र कार्यालयहरुबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट संरक्षण सम्वन्धी संचार माध्यमबाट प्रचार प्रसार कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | संरक्षण सम्वन्धी संचार माध्यमबाट प्रचार प्रसार कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिने छ। प्रसारण गरिने सूचना कार्यालयले तयार गरी सेवा प्रदायक संस्था/ संचार गृहहरुसंग संझौता गरी कार्य सम्पन्न गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन तथा सेवा प्रदायक संस्था/ संचार गृहहरुको बीलको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | संरक्षित क्षेत्र वरिपरीका स्थानीय समुदायले संरक्षित क्षेत्र, वन्यजन्तु तथा जैविक विविधता संरक्षण सम्बन्धी जानकारी र निषेधित कार्य गरेमा भोग्नुपर्ने सँजाय सम्बन्धी जानकारी प्राप्त गरेका हुनेछन्। |

## संरक्षण सम्वन्धी स्कूल शिक्षा कार्यक्रम

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका विद्यालयहरुमा संरक्षण सम्वन्धी कक्षाहरु संचालन गर्ने, संरक्षण सम्वन्धी प्रतियोगिता गराउने, पुरस्कृत गर्ने जस्ता कार्य गरि विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा संरक्षण सम्वन्धी चेतना अभिबृद्धि गराउने उद्देश्यका साथ यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. पर्सा राष्ट्रिय निकुञ्ज<br>२. कोशीटप्पु वन्यजन्तु आरक्ष<br>३. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज<br>४. लामटाङ राष्ट्रिय निकुञ्ज<br>५. मनास्लू संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट संरक्षण सम्वन्धी स्कूल शिक्षा कार्यक्रम अन्तर्गत संरक्षण सम्वन्धि डायरी, नोटबुक, विद्यार्थीलाई वितरण गर्ने कलम, कापी लगायतका सामाग्री खरिद तथा छपाई, स्कूल शिक्षा कार्यक्रममा खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता, खाना/खाजामा खर्च गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | यस कार्यक्रममा विद्यालयमा संरक्षण सम्वन्धि कक्षा संचालन, संरक्षण सम्वन्धी प्रतियोगित्मक कार्यक्रम संचालन र सहभागी विद्यार्थीहरुलाई संरक्षण सम्वन्धी सामाग्रीहरु वितरण गर्नुका साथै प्रतियोगितात्मक कार्यक्रममा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिनेछ। |
| ५ | खर्च प्रकृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन र विद्यालयमा कार्यक्रम भएको भन्ने विद्यालयको पत्रको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | विद्यालय स्तरका विद्यार्थीहरुमा संरक्षण सम्वन्धी चेतना अभिवृद्धि भएको हुनेछ। |

## ईको क्लव संचालन सहयोग

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | बिद्यालयमा अध्ययन गर्ने बिद्यार्थीहरुलाई उनीहरुको नेतृत्व र संलग्नतामा संरक्षण सम्बन्धि क्रियाकलापहरुमा सहभागी गराई संरक्षण सम्बन्धी चेतना अभिबृदी गराउने उद्देश्यले संरक्षित क्षेत्र वरिपरिका बिद्यालयहरुमा शिक्षक र संरक्षित क्षेत्र कार्यालयका कर्मचारीको सहयोग र समन्वयमा गठन भएका इको क्लबहरुलाई क्रियाशील बनाई राख्न तथा संरक्षणसंग सम्बन्धित कार्यक्रमहरु संचालनका लागि आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउन यो क्रियाकलापको ब्यबस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः |

| | | |
|---|---|---|
| | | १. बाँके राष्ट्रिय निकुञ्ज<br>२. बर्दिया राष्ट्रिय निकुञ्ज<br>३. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज<br>४. पर्सा राष्ट्रिय निकुञ्ज<br>५. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज<br>६. लामटाङ राष्ट्रिय निकुञ्ज<br>७. सगरमाथा राष्ट्रिय निकुञ्ज<br>८. मकालु बरुण राष्ट्रिय निकुञ्ज<br>९. रारा राष्ट्रिय निकुञ्ज<br>१०. खप्तड राष्ट्रिय निकुञ्ज<br>११. ढोरपाटन शिकार आरक्ष<br>१२. अपी-नाम्पा संरक्षण क्षेत्र<br>१३. कृष्णसार संरक्षण क्षेत्र<br>१४. मनासलु संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट ईको क्लव संचालन कार्य सम्पन्न गर्न विद्यार्थीहरुलाई संरक्षण सम्बन्धी अभिमुखीकरण गर्ने, भित्ते सूचना पत्रिका प्रकाशन गर्ने, संरक्षण सम्बन्धी पुस्तकहरु तथा कापी वितरण गर्ने लगायतका कार्यमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | कार्यालयको सम्वन्धित सेक्टर/रेञ्पोष्ट/ पोष्ट तथा म.क्षे.व्य.उपभोक्ता समितिको सिफारिसको आधारमा सम्वन्धित विद्यालयसंग संझौता गरी ईको क्लव मार्फत कार्यक्रम संचालन गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | विद्यालयसंग भएको संझौताको आधारमा सहयोग रकम भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलब्धी | संरक्षण सम्बन्धी विषयमा विद्यार्थीको क्षमता अभिबृद्धि भई संरक्षणमा लाग्न अभिप्रेरित भएको हुनेछ। |

## गोसाईकुण्ड व्यवस्थापन योजना स्वीकृत र छपाई

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | धार्मिक पर्यटकिय स्थलको रुपमा परिचत लामटाङ राष्ट्रिय निकुञ्जको उच्च हिमाली क्षेत्रमा अवस्थित गोसाईकुण्डलाई व्यवस्थापन गर्न तयारी गरेको व्यवस्थापन योजना स्वीकृति, छपाई र वितरण गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट गोसाईकुण्ड व्यवस्थापन योजना स्वीकृति , छपाई र वितरण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | यो कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन तथा कार्यालयको दाखिला प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलब्धी | गोसाईकुण्ड व्यवस्थापन योजना निर्माण भई गोसाईकुण्ड क्षेत्र व्यवस्थापन भएको हुनेछ। |

## घडियाल गोही /कछुवा संरक्षण तथा व्यवस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्ने उदेश्यले चितवन र वर्दिया राष्ट्रिय निकुञ्जमा घडियाल गोही र कछुवाको प्रजनन केन्द्र स्थापना गरी प्राकृतिक बासस्थानमा छाड्न उपयुक्त भए पश्चात साल वसाली रुपमा छाडिंदै आएको छ । उक्त प्रजनन केन्द्रका घडियाल र कछुवा संरक्षण तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि यो क्रियाकलापलाई निरन्तरता दिईएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. वर्दिया राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट घडियाल गोही /कछुवा संरक्षण तथा व्यवस्थापन कार्य अन्तर्गत घडियाल तथा कछुवा संरक्षणका लागि आहार व्यवस्थापन, औषधि उपचार तथा पोखरी व्यवस्थापन लगायतका कार्यहरुमा खर्च गरिनेछ । |
| ४ | कार्यप्रकृया | घडियाल गोही /कछुवा संरक्षण तथा व्यवस्थापन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | दुर्लभ तथा लोपोन्मुख घडियाल, कछुवाको संरक्षण तथा व्यवस्थापन भएको हुनेछ । |

## गिद्ध संरक्षण तथा व्यवस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | दुर्लभ तथा लोपोन्मुख पंक्षि गिद्धको संरक्षण तथा व्यवस्थापन गर्ने उदेश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत गिद्धको संख्यामा बृद्धि गरि प्राकृतिक बातावरणमा छाड्ने गरिन्छ । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट गिद्ध संरक्षण तथा व्यवस्थापन कार्य अन्तर्गत गिद्ध संरक्षणका लागि कामदार व्यवस्थापन, गिद्धको आहारा व्यवस्थापन, गिद्दको ईन्क्लोजर मर्मत लगायतका कार्यहरुमा खर्च गरिनेछ । |
| ४ | कार्यप्रकृया | गिद्ध संरक्षण तथा व्यवस्थापन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | दुर्लभ तथा लोपोन्मुख पंक्षि गिद्धको संरक्षण भई स्वच्छ पारिस्थितिकिय प्रणाली विकास गर्न टेवा पुगेको हुनेछ । |

## बाह्रसिंगा अनुगमन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षण क्षेत्रभित्र रहेका संकटापन्न तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण र ब्यबस्थापनका लागि उनीहरुको संख्या र अवस्था बारे जानकारी हासिल गर्न आवश्यक भएकोले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाह्रसिंगा अनुगमनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट बाह्रसिंगा अनुगमन कार्य सम्पन्न गर्न बाह्रसिंगा अनुगमन तथा तथ्याङ्क विश्लेषण कार्यमा सहभागीहरुको बैठक भत्ता, दैनिक भ्रमण भत्ता, खाजामा गणना कार्यमा आवश्यक उपकरण खरिदमा खर्च गरिनेछ । |
| ४ | कार्यप्रकृया | बाह्रसिंगा अनुगमन कार्य विभाग/कार्यालयले गठन गरेको कार्यदल एवं कर्मचारीको टोली मार्फत गरिनेछ । यस अन्तर्गत कार्यदल गठन भएपछि सो कार्यदलले फिल्डमा समन्वय गरी अध्ययन तथा अनुगमन सम्बन्धी |

| | | |
|---|---|---|
| | | अभिमुखीकरण कार्य पश्चात फिल्डमा अनुगमन कार्य शुरु गरिनेछ । फिल्डको अनुगमन कार्य सम्पन्न गरी तथ्यांक विश्लेषण तथा प्रतिवेदन तयार गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | बाहस्रिंगाको अनुगमन तथा गणना कार्य सम्पन्न भई उनीहरुको संख्या र अवस्थाको बारेमा एकिन भएको हुनेछ । |

**हात्ती सम्वन्धी अध्ययन अनुसन्धान**

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | बर्षातको समयमा जंगली हात्तीले स्थानीय बासिन्दालाई बढी आतंकित गर्ने बर्दिया र पर्सा राष्ट्रिय निकुञ्जमा जंगली हात्ती सम्वन्धी अध्ययन गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछ ।:<br>१. बर्दिया राष्ट्रिय निकुञ्ज<br>२. पर्सा राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट जंगली हात्तीको अध्ययन अनुसन्धान गर्ने कार्य सम्पन्न गर्न खर्च गरिनेछ । यस शीर्षकबाट अध्ययन अनुसन्धान कार्यमा सहभागीहरुको दैनिक भ्रमण भत्ता, खाजा एवं बैठक भत्ता, प्रतिवेदन तयारी कार्यमा खर्च गरिनेछ । |
| ४ | कार्यप्रकृया | जंगली हात्ती अध्ययन अनुसन्धान कार्य विभागको प्रतिनिधिहरु समेत समावेश गरी कार्यालयका कर्मचारीहरुले गर्नेछन । |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | हात्ती सम्वन्धी अध्ययन अनुसन्धान कार्य सम्पन्न भएको हुनेछ । |

**चौकाको बासस्थान अध्ययन**

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | दूर्लभ वन्यजन्तु चौका पाईने संरक्षित क्षेत्र बाँके र पर्सा राष्ट्रिय निकुञ्जमा चौकाको संरक्षण र व्यवस्थापनका लागि चौकाको बासस्थान सम्वन्धी अध्ययन गर्न आवश्यक देखिएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछ ।:<br>१. बाँके राष्ट्रिय निकुञ्ज<br>२. पर्सा राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट चौकाको बासस्थान अध्ययन गर्ने कार्य सम्पन्न गर्न खर्च गरिनेछ । यस शीर्षकबाट अध्ययन अनुसन्धान कार्यमा सहभागीहरुको दैनिक भ्रमण भत्ता, खाजा एवं बैठक भत्ता, प्रतिवेदन तयारी कार्यमा खर्च गरिनेछ । |
| ४ | कार्यप्रकृया | चौकाको बासस्थान अध्ययन कार्य कार्यालयका कर्मचारीहरुले गर्नेछन । |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | चौकाको बासस्थान सम्वन्धी अध्ययन कार्य सम्पन्न भई आवश्यक सुधारका कार्यहरु गरिएका हुनेछन् । |

## घाँसेमैदान व्यवस्थापन (मर्मत सुधार)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रभित्र रहेका वन्यजन्तुहरुका लागि आवश्यक पर्ने विभिन्न प्रजातिका घाँसहरु उत्पादन गर्ने तथा प्राकृतिक रुपमा व्यस्थापन गर्ने कार्यका लागि यो क्रियाकलापको व्यबस्था गरिएको हो |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शुक्ला राष्ट्रिय निकुञ्ज<br>५. पर्सा राष्ट्रिय निकुञ्ज<br>६. कोशीटप्पु वन्यजन्तु आरक्ष<br>७. कृष्णसार संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट घाँसे मैदान व्यवस्थापन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। मेशिन उपकरण प्रयोग गरी घाँसे मैदान व्यवस्थापन गर्दा सोही अनुरुपको लागत अनुमान स्वीकृत गरी गरिनेछ। |
| ४ | कार्यप्रकृया | घाँसे मैदान व्यवस्थापन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार घाँसे मैदानमा सालवसालि रुपमा उम्रने, पलाउने प्रजातिहरुलाई काट्ने, आगो लगाउने तथा जरैसम्म उखेल्ने जस्ता कार्यहरु गरिन्छ। यो कार्य गर्दा आवश्यकता, कार्य प्रकृति र मितव्ययीता समेतलाई हेरी मानिस लगाएर वा मेशिनरी औजार समेत प्रयोग गरेर गर्न सकिनेछ। प्रभावकारिताको हिसावले सकेसम्म चैत्र मसान्त भित्र घाँसे मैदान व्यास्थापन गर्ने कार्य सम्पन्न गरिनेछ साथै नमुनाको लागी कुनै एक प्लटमा ज्यालदारीमा मानिस खटाई बर्षको ३ पटक घाँसे मैदान व्यवस्थापनको कार्य गर्न सकिन्छ। |
| ५ | खर्च प्रक्र्या | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | घाँसे मैदान व्यवस्थापन भई वन्यजन्तुका लागि आहारा उपलब्ध भएको हुनेछ। |

## मिचाहा प्रजाती नियन्त्रण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | बदलिँदो जलवायू परिवर्तनका कारण बाह्य प्रजातिहरूले स्थानीय प्रजातिहरुलाई विस्थापित गरि आफ्नो स्थान लिने गरेको पाइन्छ। खास गरि तराइका संरक्षित क्षेत्रहरुमा माइकेनिया, वनमारा जस्ता प्रजातिहरूले स्थानीय प्रजातिहरुलाई बिस्थापित गरि ब्यापक रुपमा वन्यजन्तुको बासस्थानमा प्रभाव पारेको छ। यिनै मिचाहा प्रजातिहरुलाई हटाइ स्थानीय प्रजातिहरुलाई बढावा दिने कार्यको लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. शुक्लाफांटा राष्ट्रिय निकुञ्ज<br>४. पर्सा राष्ट्रिय निकुञ्ज<br>५. कोशीटप्पु वन्यजन्तु आरक्ष<br>६. कृष्णसार संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट मिचाहा प्रजाती नियन्त्रण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |

| | | |
|---|---|---|
| ४ | कार्यप्रकृया | यस कार्यक्रम अन्तर्गत माईकेनिया, वनमारा जस्ता मिचाहा प्रजाती उखेल्ने, हटाउने सिमसार क्षेत्रमा रहेका जलकुम्भि हटाउने आदि कार्य गरिनेछ। मिचाहा प्रजाती नियन्त्रण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | वनक्षेत्र तथा घाँसे मैदान क्षेत्रमा रहेका मिचाहा प्रजाती हटाई वन्यजन्तुका लागि आवश्यक घाँसहरु व्यवस्थापन भएको हुनेछ। |

## कृष्णसारको लागि मौसमी खेती

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | बर्दिया जिल्लाको खैरापुरमा रहेको संकटापन्न वन्यजन्तु कृष्णसारको संरक्षण र व्यवस्थापन गर्ने उदेश्यले १६ हेक्टर क्षेत्रफल भित्रका कृष्णसार बाहिर निस्कन नसक्ने र बाहिरका कुकुर लगायत घरपालुवा जनावर भित्र छिर्न नसक्ने गरी तारवार लगाईएको छ। त्यस्तै गरी कंचनपुरको हिरापुर क्षेत्रमा स्थानान्तरण गरी कृष्णसारको संरक्षण र व्यवस्थापन गरिएको छ। तारवार भित्रका कृष्णसारलाई मौसम अनुसार आवश्यक पर्ने पुरक आहारा व्यवस्था गर्नु पर्ने भएकोले ट्याक्टरबाट जमिन खनी कृष्णसारले मन पराउने घाँस तथा अन्य प्रजातिको खेती गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयबाट सञ्चालन गरिनेछ :<br>१. कृष्णसार संरक्षण क्षेत्र<br>२. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट कृष्णसारको लागि मौसमी खेती कार्य सम्पन्न गर्न मौसमी खेतीको कार्य गर्दा प्रयोग हुने ट्याक्टर चालकको पारिश्रमिक, ईन्धन, मर्मत आदिमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत जमिन जोती अनावश्यक प्रजातीका घाँस , विरुवा उखेल्ने फाल्ने र मुसुरो, मकै, चना जस्ता खेती गरिन्छ जुन कृष्णसारको लागी खानाको रुपमा प्रयोग हुन्छ। कृष्णसारको लागि मौसमी खेती कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | मौसमी खेती लगाई कृष्णासारलाई आवश्यक आहारा उपलब्ध व्यवस्था भएको हुनेछ। |

## अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा भएका अतिक्रमणका कारण वन्यजन्तुको बासस्थान घट्न जाने हुँदा त्यस्ता अतिक्रमित क्षेत्र खालि गर्ने, खालि गरिएका क्षेत्रलाई सुरक्षित राख्ने तथा सम्भावित अतिक्रमण हुन नदिन यस क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. पर्सा राष्ट्रिय निकुञ्ज<br>२. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज<br>३. मकालु बरुण राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्य सम्पन्न गर्न अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यमा खटिने कर्मचारीको वैठक भत्ता, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत अतिक्रमण हटाउने, तारवार लगाउने, वृक्षारोपण गर्ने, अतिक्रमण हुन नदिन सर्वदलीय भेला गर्ने, राजनैतिक तहमा छलफल चलाउने, सुरक्षाकर्मी परिचालन गर्ने कार्यहरु गरिनेछ। अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्य कार्यालयका कर्मचारी मार्फत गरिनेछ। |

| | | |
|---|---|---|
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | अतिक्रमित नियन्त्रण भई वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन भएको हुनेछ। |

## बरामद वन पैदावार व्यवस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रका कार्यालय, सेक्टर,पोष्टबाट गस्तीमा खटिदा गैर कानूनी क्रियालापमा संलग्न व्यक्तिहरु पक्राउ गर्दा फेला परेका दसी प्रमाण (काठ, जडिबुटी, गाडा, राँगा जस्ता सामानहरु) पनि नजिकको कार्याल, सेक्टर, पोष्टमा ल्याई सुरक्षित रुपले राख्नु पर्ने हुँदा यस कार्यका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शुक्ला राष्ट्रिय निकुञ्ज<br>५. पर्सा राष्ट्रिय निकुञ्ज<br>६. कोशीटप्पु वन्यजन्तु आरक्ष<br>७. मकालु बरुण राष्ट्रिय निकुञ्ज<br>८. अपी-नाम्पा संरक्षण क्षेत्र<br>९. अन्नपूर्ण संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट बरामद वन पैदावार व्यवस्थापन कार्य अन्तर्गत ढुवानी भाडा, ईन्धन, मानिसद्वारा बोकाउनु पर्ने भएमा ज्याला जस्ता कार्यमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत घटना स्थलमा पक्राउ भएका दसीप्रमाण (काठ, राँगा, गाडा तथा जडिबुटी) सवारी साधन पुग्ने ठाउँमा भाडामा सवारी साधन व्यवस्था गरेर गरिनेछ भने सवारी साधन नपुग्ने स्थानमा मानिसलाई ज्याला दिई गरिनेछ। बरामद वन पैदावार व्यवस्थापन गर्ने कार्य कार्यालयका कर्मचारीहरु बाट गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | पक्राउ परेका सामानहरु समयमा नै सुरक्षित स्थानमा रहेका हुनेछन। |

## आखेटोपहार ब्यबस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रमा प्राकृतिक रुपमा मृत्यु भएका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुहरुको आखेटोपहार तथा वन्यजन्तु अपराधका क्रियाकलापमा संलग्न भएका व्यक्तिबाट पक्राउ भै आएका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको आखेटोपहार तोकिएको स्थानमा सुरक्षित ढंगबाट भण्डारण गर्नु पर्ने हुन्छ र सुरक्षित पूर्वक भण्डारण गर्न तथा तोकिएको स्थानसम्म सुरक्षितपूर्वक लैजाने व्यबस्थाको लागि यस क्रियाकलापको ब्यबस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ।<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज<br>५. लामटाङ राष्ट्रिय निकुञ्ज |

| | | |
|---|---|---|
| | | ६. मकालु बरुण राष्ट्रिय निकुञ्ज<br>७. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज<br>८. अपीनाम्पा संरक्षण क्षेत्र<br>९. अन्नपूर्ण संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट आखेटोपहार ब्यबस्थापन कार्य अन्तर्गत आखेटोपहार ओसारपासर कार्य ,सुरक्षाको खर्च,आखेटोपहार व्यवस्थापन (नष्ट गर्ने सहयोग गर्ने र शिक्षण सामाग्रीका लागि दिने),भण्डारण तथा Preservatives तथा आखेटोपहार व्यवस्थापनका लागि गरिने अन्य कार्यहरुमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यसमा अन्तर्गत आखेटोपहारको सुरक्षीत ओसारपासर, आखेटोपहारको सुरक्षा, आखेटोपहार व्यवस्थापन (नष्ट गर्ने सहयोग गर्ने र शिक्षण सामाग्रीका लागि दिने), भण्डारण, Preservation तथा आखेटोपहार व्यवस्थापनका लागि कार्यविधिमा उल्लेखित अन्य कार्यहरु गर्न सकिनेछ। आखेटोपहार ब्यबस्थापन कार्य कार्यालका कर्मचारीहरुबाट गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | आखेटोपहार सुरक्षित रुपमा भण्डारण भएको हुनेछ। |

## प्लाष्टिक सामग्री नियन्त्रण तथा व्यवस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रमा प्रवेश गर्ने पर्यटक तथा भरियाहरुले प्लाष्टिक सामग्रीहरु जथाभावी फाल्दा वन, वन्यजन्तुको स्वास्थ्य र बासस्थान तथा वातावरणमा नकारात्मक असर पर्नुका साथै सौन्दर्यतामा समेत राम्रो नदेखिने भएको हुँदा यसको व्यवस्थापनको लागि यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट प्लाष्टिक सामग्री नियन्त्रण तथा व्यवस्थापन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत प्रवेशद्वारमा प्लाष्टिक सामाग्री नियन्त्रणका लागि सूचना बोर्ड राखिनेछ , कर्मचारी खटाई संरक्षित क्षेत्रभित्र प्लाष्टिक झोला लैजान निरुत्साहित गरिनेछ, अन्य वैकल्पिक झोला व्यवस्थापन गरी पर्यटक निस्कने प्रवेशद्वारमा छाड्ने व्यवस्था गर्न सकिनेछ। प्लाष्टिक सामग्री नियन्त्रण तथा व्यवस्थापन कार्य कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारी पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | संरक्षित क्षेत्रमा प्लाष्टिक सामाग्री नियन्त्रण तथा व्यवस्थापन भएको हुनेछ। |

## चोरी शिकार नियन्त्रण स्विप अप्रेशन / संयुक्त गस्ती

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रहरुको चोरी शिकारको दृष्टिकोणले सम्बेदनशील क्षेत्रहरुमा वन पैदावार, वन्यजन्तुको चोरी शिकार नियन्त्रणकालागि संरक्षित क्षेत्र कार्यालयका कर्मचारी र सो क्षेत्रमा कार्यरत सुरक्षा सेना समेतको संयुक्त गस्ती टोलीले ठुलो क्षेत्रलाई समेटेर लामो दुरीको गस्ती गर्ने, ठाउ ठाउँमा क्याम्प खडा गरि रात समेत सोहि स्थानमा बिताई पुरै क्षेत्रको गस्ती गर्ने कार्यका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो\| |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत सवै राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्र कार्यालयहरुबाट सञ्चालन गरिनेछ। |

| | | |
|---|---|---|
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट चोरी शिकार नियन्त्रण स्विप अप्रेशन /संयुक्त गस्ती कार्य "सुराकी खर्च परिचालन कार्यविधि २०७२" अनुसार सम्पन्न गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | संयुक्त गस्ती टोलीले ठुलो क्षेत्रलाई समेटेर लामो दुरीको गस्ती गर्ने, ठाउ ठाउँमा क्याम्प खडा गरि रात समेत सोहि स्थानमा बिताई पुरै क्षेत्रको गस्ती गर्ने जस्ता कार्य गरिनेछ। चोरी शिकार नियन्त्रण स्विप अप्रेशन कार्य कर्मचारीहरुबाट गरिनेछ। राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रमा स्वीप अपरेशन गरिनेछ भने संरक्षण क्षेत्रहरुमा संयुक्त गस्ती गर्ने कार्य गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | संरक्षित क्षेत्रमा स्विप अपरेसन/ संयुक्त गस्ती भई अवैध चोरी शिकारमा कमी आएको हुनेछ। |

## चोरी शिकार नियन्त्रणमा युवा परिचालन अभियान

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | वन्यजन्तुको चोरी शिकार नियन्त्रणमा सरकारी पक्षबाट मात्र भन्दा स्थानीय युवाहरुलाई पनि परिचालन गर्न सकेमा बढी उपलब्धीमुलक हुने हुँदा संरक्षण प्रति चासो राख्ने युवाहरुको समुह मार्फत चोरी शिकारका सम्भावित क्षेत्रमा कर्मचारी समेत समाबेश भएको स्थानीय युवाहरुको टोलीले १ दिन गस्ती गर्ने कार्यका लागि यो क्रियाकलापको ब्यबस्था गरिएको छ। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज<br>५. पर्सा राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट चोरी शिकार नियन्त्रणमा युवा परिचालन अभियान कार्य सम्पन्न गर्न कर्मचारीको साथ चोरी शिका नियन्त्रणका लागि खटिएका युवा टोलीको "सुराकी खर्च परिचालन कार्यविधि २०७२" अनुसार न्युनतम दैनिक पारिश्रमिक, खाजा, पानी जस्ता खर्चहरु यस कार्यक्रमबाट गरिनेछ। |
| ४ | कार्यप्रकृया | संरक्षण प्रति चासो राख्ने युवाहरुको समुह मार्फत चोरी शिकारका सम्भावित क्षेत्रमा कर्मचारी समेत समाबेश भएको स्थानीय युवाहरुको टोलीले १ दिन गस्ती गर्नेछ। चोरी शिकार नियन्त्रणमा युवा परिचालन अभियान कार्य कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | युवा परिचालन भई संरक्षित क्षेत्रभित्र अवैध चोरी शिकारमा कमी आएको हुनेछ। |

## सुराकी व्यवस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | चोरी शिकार हुने महत्वपूर्ण संरक्षित क्षेत्रहरुमा गस्ती, संयुक्त टोली परिचालन कार्यले मात्र चोरी शिकार नियन्त्रण कार्य प्रभावकारी नहुने भएको हुँदा चोरी शिकारका संबेदनशिल क्षेत्र आसपास सुराकी परिचालन गरी सो बाट प्राप्त सूचनाको आधारमा स्वीप गस्ति, संयुक्त टोली परिचालन जस्ता कार्य गर्नु पर्ने भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट "सुराकी खर्च परिचालन कार्यविधि २०७२" अनुसार सुराकी व्यवस्थापन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत संरक्षित क्षेत्रको संवेदनशिल क्षेत्र नजिकका बस्तिहरुका कुनै व्यक्तिलाई गोप्य रुपमा सुराकीको रुपमा राखिनेछ र निजको सूचनाको आधारमा संयुक्त गस्ति टोली परिचालन गरी घटना घट्नु अगाडि नै शिकारीहरुलाई नियन्त्रण गर्ने प्रयास गरिनेछ। सुराकी व्यवस्थापन कार्य कार्यालयका प्रमुख वा तोकिएका कर्मचारी मार्फत गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | चोरी शिकार नियन्त्रणका लागि सुराकी व्यवस्थापन भई वन्यजन्तु तथा वनस्पतिको चोरी शिकारमा कमी आएको हुनेछ। |

## वन डढेलो व्यवस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | वन डढेलोबाट वन क्षेत्रमा पाइने वन्यजन्तु एवं बनस्पतिहरुलाइ पर्न सक्ने नकारात्मक प्रभावलाई न्युनिकरण गर्न र आगलागीबाट हुन सक्ने सम्भावित मानवीय क्षतिलाइ रोक्नु यस क्रियाकलापको उद्देश्य हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गतका सवै राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्र कार्यालयहरुबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट वन डढेलो व्यवस्थापन कार्य अन्तर्गत अन्तरकृया गोष्ठी, तालिम, डढेलो नियन्त्रण कार्यमा खटिने कर्मचारी, सुरक्षाकर्मी, स्थानीय बासिन्दाको पानी, खाजा जस्ता कार्यमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस कार्यक्रम अन्तर्गत डढेलो लाग्नु अघि नै नियन्त्रित रुपमा आगो लगाउने, डढेलो नियन्त्रणका लागि पानी पोखरी निर्माण गर्ने, अग्नीरेखा निर्माण गर्ने, डढेलो नियन्त्रणका लागि कर्मचारी, मध्यवर्ती क्षेत्रका उपभोक्ताहरुलाई तालिम दिने, वन डढेलो नियन्त्रणका सामाग्री व्यवस्था गर्ने, अनियन्त्रित रुपमा लागेको डढेलोलाई सेना, प्रहरी तथा नागरिक समाज समेतको समन्वयमा नियन्त्रण गर्ने, वन डढेलो लाग्न बाट जोगाउन जनचेतनाका लागि प्रचार प्रसार (पर्चा, पम्प्लेट प्रकासन) गर्ने, स्थानीय एफ.एम.बाट प्रसारण गर्ने, कार्यहरु गरिनेछ। वन डढेलो नियन्त्रणका लागि अन्तरक्रिया गोष्टी, तालिम, वन डढेलो नियन्त्रण जस्ता कार्यहरु कर्मचारी मार्फत गरिनेछन भने अन्य कार्यहरु प्रचलित सार्वजनिक खरिद प्रकृया बमोजिम गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | यो वन डढेलो व्यवस्थापन कार्यबाट संरक्षित क्षेत्रभित्र रहेका वन्यजन्तु र वनस्पतिहरुमा पर्ने नकरात्मक असरहरु न्यूनिकरण हुनुको साथै वन्यजन्तुको बासस्थानमा स्वस्थ पारिस्थितिकिय प्रणालीको विकास गर्ने कार्यमा टेवा पुग्नेछ। |

## टुहुरा तथा समस्यामुलक वन्यजन्तु व्यवस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | चोरी शिकारिको आक्रमण तथा ठुला जनावरहरुको आक्रमणका कारण माउबाट छुटेका टुहुरा वन्यजन्तुहरु तथा गाउ बस्तिमा निस्की समस्यामा परेका वन्यजन्तुहरुलाई लाई प्राकृतिक रुपमा बाँच्न सक्ने अवस्था नभएसम्म वन्यजन्तु उद्धार केन्द्रमा राखी पालन पोषण र सुरक्षित साथ् राख्नु पर्ने हुदा यस क्रियालापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज<br>५. पर्सा राष्ट्रिय निकुञ्ज<br>६. कोशीटप्पु वन्यजन्तु आरक्ष<br>७. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज<br>८. लामटाङ राष्ट्रिय निकुञ्ज<br>९. रारा राष्ट्रिय निकुञ्ज<br>१०. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज<br>११. खप्तड राष्ट्रिय निकुञ्ज<br>१२. ढोरपाटन शिकार आरक्ष<br>१३. अपीनाम्पा संरक्षण क्षेत्र<br>१४. कंचनजंघा संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट टुहुरा तथा समस्यामुलक वन्यजन्तु व्यवस्थापन कार्य सम्पन्न गर्न समस्याग्रस्त वन्यजन्तु नियन्त्रण गर्दा प्रयोग गर्ने औषधी, घाईते वन्यजन्तुको उपचार, खाना, केज (खोर) निर्माण उद्दार कार्यमा प्रयोग हुने गाडी, इन्धन, खटिंदाका सुरक्षाकर्मी, कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, खाना, खाजामा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत संरक्षित क्षेत्र बाहिर कुनै स्थानमा टुहुरा तथा समस्यामूलक वन्यजन्तु रहेको सूचना प्राप्त हुनासाथ औषधी ,प्राविधिक कर्मचारी, सुरक्षाकर्मी सहितको टोली सम्वन्धित स्थानमा पुगी टुहुरा तथा समस्यामा परेका वन्यजन्तुलाई नियन्त्रणमा लिई संरक्षित क्षेत्रको वन्यजन्तु उद्धार केन्द्रमा व्यवस्थापन गरिनेछ। टुहुरा तथा समस्यामुलक वन्यजन्तु व्यवस्थापन कार्य कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | टुहुरा, घाइते तथा समस्यामुलक वन्यजन्तुको उद्दार भई मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा सहयोग पुगेको हुनेछ । |

## पर्यटकिय क्षेत्रको फोहोर मैला व्यवस्थापन (सरसफाई)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | पदयात्री पर्यटकहरुले संरक्षित क्षेत्र अवलोकन गर्दा तथा संरक्षित क्षेत्रमा लाग्ने मेलाहरुमा मानिसहरुको आवत जावत बढी भै बाटो तथा वरपर फोहोर मैला जम्मा हुने भएकोले वेला वेलामा पर्यटकिय क्षेत्रहरु सरसफाई गर्नु पर्ने भएकोले यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज |

| | | |
|---|---|---|
| | | ५. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज<br>६. लामटाङ राष्ट्रिय निकुञ्ज<br>७. मकालु बरुण राष्ट्रिय निकुञ्ज<br>८. रारा राष्ट्रिय निकुञ्ज<br>९. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज<br>१०. खप्तड राष्ट्रिय निकुञ्ज<br>११. ढोरपाटन शिकार् आरक्ष<br>१२. अपी-नाम्पा संरक्षण क्षेत्र<br>१३. कृष्णसार संरक्षण क्षेत्र<br>१४. कंचनजंघा संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट पर्यटकिय क्षेत्रको फोहोर मैला व्यवस्थापन (सरसफाई) कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत पर्यटक पदमार्ग दायाँ बाँयाका झाडि बुट्यान हटाउने, पर्यटक पदमार्गमा फालिएका प्लाष्टिक, बिस्कुट, चाउचाउका खालि प्याकेटहरु संकलन गरी फोहोर मैला व्यवस्थापनका लागि खनिएका खाडलहरुमा राखि नष्ट गर्ने, बाटोमा हुरी वतासले खसालेका रुखका हाँगाविगा, पातपतिङर हटाउने जस्ता कार्य गरिनेछ। पर्यटकिय क्षेत्रको फोहोर मैला व्यवस्थापन (सरसफाई) कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | पर्यटकिय क्षेत्र सरसफाई भएको हुनेछ। |

## संरक्षण कार्यमा प्रयोग हुने वैज्ञानिक प्रविधि विकासका लागि सहयोग

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | वन, वन्यजन्तु र वनस्पतीको संरक्षण र व्यवस्थापनका लागि प्रयोग भएका वैज्ञानिक प्रविधिमा थप विकास गर्नका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. कोशीटप्पु वन्यजन्तु आरक्ष |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट संरक्षण कार्यमा प्रयोग हुने वैज्ञानिक प्रविधि विकासका लागि मोबाईल खरिद, रिचार्ज कार्ड खरिद जस्ता कार्यमा प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत संचालन भई रहेका वैज्ञानिक प्रविधि Real Time Patroling लगायका कार्यमा नेपाली सेनाको सहकार्यमा गरिनेछ। संरक्षण कार्यमा प्रयोग हुने वैज्ञानिक प्रविधि विकासका लागि सहयोग गर्ने प्रचलित सार्वजनिक खरिद प्रकृया बमोजिम गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | संरक्षण कार्यमा वैज्ञानिक प्रविधिको प्रयोग भएको हुनेछ। |

## यार्सागुम्बा संकलन कार्यको व्यवस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | यार्सा गुम्बा संकलनको समयमा स्थानीय बासिन्दा लगायत अन्य बासिन्दाहरु संरक्षित क्षेत्रभित्र प्रवेश गर्ने हुँदा संरक्षण क्षेत्रमा अत्याधिक मानिसको प्रवेश हुने भएकोले निकुञ्ज क्षेत्र भित्र अवैध क्रियाकलाप (चोरी शिकार) हुन सक्ने हुँदा यार्सा गुम्वा संकलन कार्य व्यवस्थापनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयबाट सञ्चालन गरिनेछ<br>१. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज<br>२. अपीनाम्पा संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट यार्सागुम्बा संकलन कार्यको व्यवस्थापनमा खटिने कर्मचारी तथा सुरक्षा निकायको दैनिक भ्रमण भत्ता, खाजा खर्च, औषधी, फिल्ड गियर खरिद जस्ता कार्यमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत यार्सागुम्वा संकलन समयमा उक्त क्षेत्रमा संरक्षण कार्यालयका कर्मचारी तथा सुरक्षाकर्मीको संयुक्त अनुगमन टोली खटिनेछ। यार्सागुम्वा संकलन पुर्जी चेकजाँच गर्ने एवं सुरक्षा प्रदान गर्ने कार्य गरिनेछ । यार्सागुम्बा संकलन कार्यको व्यवस्थापनमा खटिने कर्मचारी तथा सुरक्षाकर्मिको लागि आवश्यक पर्ने फिल्ड गियर खरिद पनि खरिद गर्न सकिनेछ । यार्सागुम्बा संकलन कार्यको व्यवस्थापन कार्य कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | यार्सागुम्वा संकलन कार्य व्यवस्थित भएको हुनेछ। |

## ज्यालदारी कामदारबाट घाँसे मैदान व्यवस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | घाँसे मैदान व्यवस्थापन कार्य वर्षभरि नियमित रुपमा गर्नु पर्ने कार्य हो। ठेक्का मार्फत काम गर्दा एक सिजन ( एक पटक) मात्र घाँस, वुट्यान, झाडी हटाईने र एक दुई महिनामै जस्ताको तस्तै हुने भएकोले नियमित रुपमा कामदार लगाई घाँसे मैदान व्यवस्थापन गर्न उपयुक्त देखी यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट दैनिक हाजिरीमा मानिसहरु लगाई स्वीकृत जिल्ला दररेट बमोजिम काम गरेको दिनको हुने रकम निजको खातामा भुक्तानी गरिनेछ।। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत कार्यालयले यस कामको रेखदेखका लागि कर्मचारी खटाउने छ , निज कर्मचारीको प्रत्येक्ष निर्देशनमा नागरिकताको प्रतिलिपी लिई दैनिक हाजिर गराई घाँसे मैदान व्यवस्थापन कार्यमा लगाउने छन, सो को अनुगमन सम्वन्धित सेक्टर कार्यालयका प्रमुखबाट हुनेछ र कामदारहरुको हाजिरी प्रमाणित पनि निज सेक्टर प्रमुख ले नै गर्नेछन। सोही प्रमाणित हाजिरीको आधारमा कार्यालयले मासिक रुपमा निजको खातामा भुक्तानी गर्नेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन र प्रमाणित डोर हाजिरीको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | निकुञ्ज भित्रको घाँसे मैदान सालै भरी व्यवस्थित भएको हुनेछ। |

## मुद्दा अनुसन्धान तथा तहकिकात

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रभित्र अवैध क्रियाकलाप गर्ने व्यक्तिहरु उपर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम मुद्धा अनुसन्धान, तहकिकात गर्नु पर्ने हुन्छ, सो को लागि सदरमुकाममा रहेका सरकारी वकिल कार्यालय जाने आउने गर्नुका साथै कतिपय मुद्दा जिल्ला अदालत दायर गर्नु पर्ने पनि हुन्छ। यस्तो समयमा कर्मचारी तथा कसुरको अभियोग लागेका व्यक्तिहरुलाई समेत लैजानु पर्ने हुन्छ। यिनै कार्यहरुलाई व्यवस्थित गर्न यो कृयालापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत सवै राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्र कार्यालयहरुबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट मुद्दा अनुसन्धान तथा तहकिकात कार्य अन्तर्गत मुद्दा अनुसन्धानका क्रममा घटनास्थलमा सर्जमिनका लागि जाने, म्याद तामेलिका लागि जाने, सरकारी वकिल कार्यालयमा रायका लागि जाने तथा अदालत जाने मुद्दाको हकमा पक्राउ परेका व्यक्तिलाई सुरक्षाकर्मीका साथ म्याद थप गर्न जाँदा र आउँदा तथा उच्च अदालतसम्म जानुपर्ने मुद्दाहरुमा उच्च अदालत जादा आउँदाको कमचारीका दै. भ्र. भत्ता, सुरक्षा निकाय र सहभागी कमचारीका खाना, खाजा, संचार, यातायात जस्ता कार्यमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत मुद्धा अनुसन्धानका क्रममा घटनास्थलमा गई सर्जमिन मुचुल्का तयार गर्ने, म्याद थपका लागि अदालतसम्म जाने, पक्राउ परेका व्यक्तिको वयान लिने, थप अनुसन्धानका लागि पुनः घटनास्थल वा सो नजिकको गाउँबस्तिसम्म जाने, म्याद तामेली गर्ने, जिल्ला सरकारी वकिल कार्यालयको राय लिने लगायतका कार्यहरु गरिनेछ। मुद्दा अनुसन्धान तथा तहकिकात कार्यक्रम कार्यालयका कर्मचारीहरुबाट गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीले पेश गरको प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलब्धी | संरक्षित क्षेत्र कार्यालयले गर्नु पर्ने मुद्दाको अनुसन्धान, तहकिकात कार्यमा सहयोग पुगेको हुनेछ। |

## वन्यजन्तुबाट टुहुरा वनाईएका बालबालिकालाई छात्रवृत्ती

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रको आसपासमा बसोबास गरेको स्थानीय बासिन्दाहरुलाई बेला बेलामा संरक्षित क्षेत्रबाट निस्केका वन्यजन्तुहरुले आक्रमण गरि मृत्यु समेत गराउने हुँदा मानव-वन्यजन्तु द्वन्द बढन गएका छन भने कतिपय अबस्थामा घरमुलीको मृत्युका कारण तिनका बालबच्चाहरुले कलम, कपी, ड्रेस, झोला जस्ता शैक्षिक सामाग्रीहरु खरिद गर्न नसकि शिक्षा आर्जनबाट वंचित हुन पुग्ने हुँदा त्यसबाट संरक्षित क्षेत्र प्रति उनिहरुको नकरात्मक धारणा विकास हुन जाने भएकोले त्यस्ता टुहरा बालबालिकालाई माध्यमिक तहसम्मको अध्ययनका लागी छात्रवृत्ती प्रदान गर्न आवश्यक देखि यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. मकालु बरुण राष्ट्रिय निकुञ्ज<br>५. खप्तड राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तुबाट टुहुरा वनाईएका बालबालिकालाई छात्रवृत्ती कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत संरक्षित क्षेत्र कार्यालय, सेक्टर कार्यालय, रेञ्जपोष्ट तथा पोष्टहरुबाट आ-आफ्नो क्षेत्रका मध्यवर्ती क्षेत्र व्यवस्थापन उपभोक्ता समितिको समन्वयमा रहेका त्यस्ता बालबालिकाको तथ्याङ्क संकलन गरी कार्यालयमा पठाउनेछन, सोही आधारमा कार्यालयबाट छात्रवृत्ती प्रदान |

| | | |
|---|---|---|
| | | गरिनेछ। कार्यालयमा त्यस्ता विद्यार्थीहरुको अभिलेख राखेर साल बसालि रुपमा माध्यमिक तह पुरा नभएसम्म छात्रबृत्ती प्रदान गरिनेछ। वन्यजन्तुबाट टुहुरा वनाईएका बालबालिकालाई छात्रवृत्ती दिने कार्य कार्यालयका कर्मचारीहरु बाट गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | सम्वन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको सिफारिस र कर्मचारीहरुको प्रतिवेदनको आधारमा सम्वन्धित विद्यार्थीका अभिभावकलाई चेक/नगद भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | बन्यजन्तुबाट टुहुरा बनाईएका बालबालिकाले छात्रबृत्ती प्राप्त भई पठनपाठनमा सहयोग पुग्नेछ र विद्यार्थीमा संरक्षण प्रति सकरात्मक सोचको बृद्धि भएको हुनेछ। |

## विविध कार्यक्रम खर्च (२२५२९)

### संरक्षित क्षेत्रभित्र लाग्ने मेला व्यवस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रभित्र रहेका धार्मिक तथा साँस्कृतिक स्थलहरुमा परम्परादेखि मेला लाग्दै आएका छन। सो समयमा अत्याधिक तीर्थयात्रीहरु प्रवेश गर्ने भएकोले सो समयमा संरक्षित क्षेत्र कार्यालयका कर्मचारी, सुरक्षाकर्मीहरु तथा स्वास्थकर्मीहरुलाई ठाँउ ठाउँमा खटानु पर्ने हुन्छ। तिनीहरुको खाने बस्ने व्यवस्था समेत गर्नु पर्ने हुन्छ। सोही प्रयोजनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. पर्सा राष्ट्रिय निकुञ्ज<br>३. लामटाङ राष्ट्रिय निकुञ्ज<br>४. मकालु बरुण राष्ट्रिय निकुञ्ज<br>५. खप्तड राष्ट्रिय निकुञ्ज<br>६. ढोरपाटन शिकार आरक्ष |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट संरक्षित क्षेत्रभित्र लाग्ने मेला व्यवस्थापन गर्न मेला व्यवस्थापनका लागि खटिएका कर्मचारी तथा सुरक्षाकर्मीहरुको दै.भ्र.भत्ता, यातातया, संचार, सामान्य औषधी लगायतका कार्यमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | संरक्षित क्षेत्रभित्र लाग्ने मेला व्यवस्थापनका लागि कार्यालयका कर्मचारी तथा सुरक्षाकर्मीहरुको संयुक्त टोली परिचालन गरिनेछ। संरक्षित क्षेत्रभित्र लाग्ने मेला व्यवस्थापन कार्य कार्यालयका कर्मचारीहरुबाट गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | संरक्षित क्षेत्रमा लाग्ने मेला व्यवस्थित भै संरक्षित क्षेत्रलाई प्रतिकूल असर पार्नबाट जोगाउने छ। |

### वन्यजन्तु सप्ताह (१-७ वैशाख)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | प्रत्येक संरक्षित क्षेत्र कार्यालयहरुले प्रत्येक बर्ष बैशाख १ गतेदेखी ७ गतेसम्म संरक्षण सम्वन्धी विविध कार्यक्रम संचालन गरी वन्यजन्तु सप्ताह मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत सवै राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्र कार्यालयहरुबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट वन्यजन्तु सप्ताह (१-७ वैशाख) कार्य सम्पन्न गर्न सप्ताह भित्र गरिने संरक्षण सम्वन्धी क्रियाकलापमा सहभागीको खाजा, खाना, यातायात (ईन्धन), संरक्षण सम्वन्धि प्रचार प्रसार सामाग्री उत्पादन आदिमा खर्च गरिनेछ। |

| | | |
|---|---|---|
| ४ | कार्यप्रकृया | यस अन्तर्गत बैशाख १ गते देखि ७ गते एक साता सम्म संरक्षणका विविध कार्यक्रमहरु तथा विभिन्नविद्यालयका विद्यार्थिहरुलाई संरक्षण सम्वन्धी प्रतियोगितात्मक (हाजिरी जवाफ, चित्रकला, बक्तृत्वकला, निवन्ध) कार्यक्रम, चरा अवलोकन तथा विज्ञहरुबाट संरक्षणका सवालहरुमा अन्तरक्रिया, संचार माध्यम (एफ एम, टेलिभिजन) बाट संरक्षण सम्वन्धी प्रचार प्रसार जस्ता कार्य गरिनेछन। वन्यजन्तु सप्ताह कार्यक्रम कार्यालयका कर्मचारीहरुबाट संचालन गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | वन्यजन्तु सप्ताह कार्यक्रमबाट संरक्षण सम्वन्धी जनचेतना अभिबृद्धी भएको हुनेछ। |

## विश्व सिमसार दिवस (फेव्रुअरी २)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | प्रत्येक बर्ष फेव्रुअरी २ का दिन सिमसार व्यवस्थापन सम्वन्धी विविध कार्यक्रम संचालन गरी विश्व सिमसार दिवस मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. बर्दिया राष्ट्रिय निकुञ्ज<br>२. कोशीटप्पु वन्यजन्तु आरक्ष<br>३. लामटाङ राष्ट्रिय निकुञ्ज<br>४. सगरमाथा राष्ट्रिय निकुञ्ज<br>५. रारा राष्ट्रिय निकुञ्ज<br>६. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज<br>७. खप्तड राष्ट्रिय निकुञ्ज<br>८. अन्नपूर्ण संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको विश्व सिमसार दिवस (फेव्रुअरी २) सम्पन्न गर्न प्रयोग गरिनेछ। यस शीर्षकबाट तुल व्यानर र सहभागीको खाजा, खाना तथा दिवससंग सम्वन्धित अन्य कार्यमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यो कार्यक्रम मध्यवर्ती क्षेत्र व्यवस्थापन उपभोक्ता समिति, स्थानीय शिक्षण संस्था, सरोकारवाला निकायहरुको समेत सहयोग र समन्वयमा कर्मचारीले गर्नेछन। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | विश्व सिमसार दिवसले संरक्षण सम्वन्धी जनचेतना अभिबृद्धी गर्न सहयोग पुगेको हुनेछ। |

## बाघ दिवस (जुलाई २९)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | प्रत्येक बर्ष जुलाई २९ का दिन बाघ संरक्षण सम्वन्धी विविध कार्यक्रम संचालन गरी विश्व बाघ दिवस मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>९. चितवन राष्ट्रिय निकुञ्ज<br>१०. बाँके राष्ट्रिय निकुञ्ज<br>११. बर्दिया राष्ट्रिय निकुञ्ज<br>१२. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज<br>१३. पर्सा राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट बाघ दिवस (जुलाई २९) कार्य सम्पन्न गर्न सहभागीको खाजा, खाना तथा दिवससंग सम्वन्धित अन्य कार्यमा खर्च गरिनेछ। |

| | | |
|---|---|---|
| ४ | कार्यप्रकृया | यो कार्यक्रम बाघको संरक्षणका लागि नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धता पुरा गर्ने प्रयोजनका लागि बाघ पाईने संरक्षित क्षेत्र कार्यालयहरुले सरोकारवालाहरुको सहभागितामा र केन्द्रमा सम्माननीय प्रधानमन्त्रीले अध्यक्षता गर्ने राष्ट्रिय बाघ संरक्षण समितिको सहभागितामा बाघ संरक्षण सम्वन्धी विविध कार्यक्रम गरिनेछ। बाघ दिवस (जुलाई २९) कार्य कार्यालयका कर्मचारीहरुबाट गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | बाघ दिवस कार्यक्रमबाट बाघ संरक्षण सम्वन्धी जनचेतना अभिबृद्धी हुनुका साथै अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेको प्रतिवद्धता पुरा गर्न सहयोग पुगेको हुनेछ। |

## विभाग/ कार्यालय स्थापना दिवस

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | कार्यालयको स्थापना दिवस मनाउने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसार का कार्यालयबाट संचालन गरिनेछ :<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. सगरमाथ राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट कार्यालय स्थापना दिवस मनाउने कार्य सम्पन्न गर्न स्थापना दिवस कार्यक्रममा सहभागीहरुको स्टेशनरी, खाना, खाजामा, व्यानर, मञ्च व्यवस्थापन खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत कार्यालयले सरोकारवाला संस्था, स्थानीय निकायका प्रमुख, मध्यवर्ती क्षेत्र व्यवस्थापन उपभोक्ता समितिका पदाधिकारीहरुलाई सहभागी गराई संरक्षण सम्वन्धी छलफल, अन्तरक्रिया कार्यक्रम गर्नेछ । कार्यालय स्थापना दिवस कार्यक्रम कार्यालयका कर्मचारीहरुबाट संचालन गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | स्थापना दिवसमा मनाइने कार्यक्रमले संरक्षण सम्वन्धी जनचेतना अभिबृद्धी भएको हुनेछ। |

# सरकारी निकाय, समितिलाई चालु अनुदान (२६४११)

## कंचनजघा सं.क्षे.व्य.परिषद् संचालन सहयोग अनुदान

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | स्थानीय जनताको सहभागितामा व्यवस्थापन हुँदै आएको नेपालको एक मात्र कंचनजंघा संरक्षण क्षेत्रको संरक्षण र व्यवस्थापनमा कंचनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्लाई नेपाल सरकारको तर्फबाट सहयोग पुऱ्याउन यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत कञ्चनजंघा संरक्षण क्षेत्र कार्यालयबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट कंचनजघा सं.क्षे.व्य.परिषद् संचालन गर्न अनुदान सहयोग गर्ने कार्यमा प्रयोग गरिनेछ। यस कार्यक्रममा छुट्याईएको बजेट कंचनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्ले निर्णय गरे बमोजिम खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | कञ्चनजंघा संरक्षण क्षेत्र सम्पर्क कार्यालयले कंञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्लाई कार्यालय संचालन तथा व्यवस्थापनका लागि अनुदान रकम एकमुष्ट उपलव्ध गराउनेछ। |
| ५ | खर्च प्रक्रृया | कंञ्चनजंघा संरक्षण क्षेत्रको स्वीकृत व्यवस्थापन योजना अनुसार कंचनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को निर्णयानुसार खर्च गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | कंचनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्लाई संरक्षण क्षेत्र व्यवस्थापन गर्न सहयोग पुगको हुनेछ । |

## ख. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (३२९०३०११)

### अ. पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु

### सवारी साधन खरिद (३११२१)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | सरकारी कामको सिलसिलामा प्रयोग गर्ने उदेश्यले मोटरसाईकल/ स्कूटर जस्ता सवारी साधन खरिद कार्यका लागि यस क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप निम्नानुसारका कार्यालयबाट सञ्चालन गरिनेछ :<br>१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग<br>२. राष्ट्रिय प्राणी उद्यान |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट सवारी साधन ( मोटरसाईकल/स्कूटर) खरिद गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | सवारी साधन खरिद कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको प्रतिवेदन र कार्यालयको दाखिला प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलब्धी | कार्य सम्पन्न प्रतिबेदन, जिन्सी दाखिला प्रतिबेदन र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। साथै कर्मचारीलाई दैनिक प्रशासनिक कार्य गर्न सहयोग पुगेको हुनेछ । |

### मेशिन औजार खरिद (३११२२)

#### ल्यापटप, डेस्कटप लगायतका उपकरण खरिद

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | कार्यालयको दैनिक प्रयोजनमा आउने ल्यापटप, डेस्कटप कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशीन, स्क्यानर, क्यामेरा, प्रोजेक्टर, बाईनाकुलर लगायतका उपकरणहरु खरिद गर्ने प्रयोजनका लागि यस क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग<br>२. राष्ट्रिय प्राणी उद्यान<br>३. भानुभक्त प्राणी उद्यान |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट मेशिन उपकरणहरु (ल्यापटप, डेस्कटप, प्रिन्टर, फोटोकपी मेशिन, डिजिटल क्यामेरा, स्क्यानर, बाईनाकुलर, मोनिटर,आदि) खरिद गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | मेशिन औजार खरिद कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको प्रतिवेदन र कार्यालयको दाखिला प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलब्धी | कार्य सम्पन्न प्रतिबेदन, जिन्सी दाखिला प्रतिबेदन र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। |

### फर्निचर तथा फिक्चर्स

#### कार्यालयको लागि फर्निचर खरिद

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | कार्यालयको काममा दैनिक प्रयोजनका लागि आवश्यक पर्ने फर्निचरहरु (मेच, टेवुल, दराज आदी) खरिद गर्ने प्रयोजनका लागि यस क्रियाकलापको व्यवस्था गरिएको हो। नव निर्मित सभाहलका लागि आवश्यक फर्निचर तथा फिक्चर्सका सामानहरु पनि यसै शिर्षकबाट ब्यवस्था गरिनेछ। |

| | | |
|---|---|---|
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछ।<br>१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग<br>२. भानुभक्त प्राणी उद्यान |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट कार्यालयका फर्निचर खरिद गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | फर्निचर खरिद कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको प्रतिवेदन र कार्यालयको दाखिला प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | कार्य सम्पन्न प्रतिबेदन, जिन्सी दाखिला किताव र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। |

## सफ्टवेयर निर्माण तथा खरिद (३११३४)

### पर्यटकका लागि E-Ticketing System स्तरिकरण, विस्तार तथा संचालन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रमा प्रवेश गर्ने पर्यटकहरुलाई सुविधा प्रदान गर्ने उदेश्यले गत आ.ब. २०७८/७९ मा नमुनाको लागि वनाईएको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयको पर्यटकका लागि E-Ticketing System लाई स्तरिकरण गर्ने र अन्यत्र कार्यालयहरुमा पनि विस्तार गरी संचालन गर्ने यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट पर्यटकका लागि E-Ticketing System स्तरिकरण, विस्तार तथा संचालन गर्ने कार्यमा प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | पर्यटकका लागि E-Ticketing System स्तरिकरण, विस्तार तथा संचालन गर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गत आ.ब. २०७८/७९ मा सफ्टवेयर निर्माण गर्ने सेवा प्रदायक संस्था मार्फत गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको प्रतिवेदन , online system र कार्यालयको दाखिला प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | कार्य सम्पन्न प्रतिबेदन, जिन्सी दाखिला किताव र बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। |

## पुँजिगत परामर्श (३११३५)

### बाह्रसिंगा र कृष्णसार स्थानान्तर संभाव्यता अध्ययन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | एक स्थान/ क्षेत्रमा मात्र रहेका दुर्लभ वन्यजन्तु त्यस क्षेत्रमा कुनै प्राकृतिक विपत्तीका कारण एकै पटक सवै विनास हुन सक्ने भएकोले त्यस्ता वन्यजन्तुलाई बासस्थान सुहाउँदो अन्यत्र पनि व्यवस्थापन गर्दै जानु पर्ने भएकोले शुक्लाफाँटामा रहेका बाह्रसिंगा र खैरापुर मा रहेका कृष्णसारलाई कुन स्थानमा स्थानान्तरण गर्न सकिन्छ सो को अध्ययन गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट बाह्रसिंगा र कृष्णसार स्थानान्तरण संभाव्यता अध्ययन कार्यमा खर्च गरिनेछ। परामर्श सेवा प्रदायक मार्फत कार्य सम्पन्न गर्दा स्वीकृत लागत अनुमान एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत कार्यसूचि (TOR) अनुसार कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। यो संभाव्यता अध्ययन कार्य वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट गठित कार्यदल मार्फत पनि गर्न सकिनेछ। कार्यदल मार्फत सम्पन्न गर्दा सो कार्यको लागि गठित कार्यदलको बैठक भत्ता, संभाव्यता अध्ययनको सिलसिलामा हुने समन्वय बैठकको खाना/खाजा खर्च, अध्ययन कार्यदलको दैनिक भ्रमण भत्ता, स्टेसनरी, ईन्धन, सवारी साधन भाडा, विज्ञको पारिश्रमिक आदिमा खर्च गर्न सकिनेछ। संभाव्यता अध्ययनको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। |

| | | |
|---|---|---|
| ४ | कार्यप्रकृया | बाहसिंगा र कृष्णसार स्थानान्तरण संभाव्यता अध्ययन कार्यको लागत अनुमान सहितको कार्यसूचि विभागबाट तयार गरी स्विकृत गरिनेछ। स्थानान्तर संभाव्यता अध्ययन वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट गठित कार्यदलले विज्ञहरुको सहयोगमा तथा प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवा प्रदायक मार्फत गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | विभागले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ। परामर्श सेवा प्रदायक संस्था वा गठित कार्यदलले तयार गरि पेश गरेको अध्ययन प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | बाहसिंगा र कृष्णसार स्थानान्तरण संभाव्यता अध्ययन कार्यले स्थानान्तरण गर्ने कार्यमा सहयोग पुगेको हुनेछ। |

## संरक्षित क्षेत्रहरुको जि.आई.एस. डाटा अद्यावधिक

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | सवै संरक्षित क्षेत्रहरुको जि.आई.एस. डाटा अद्यावधिक गर्न आवश्यक भएकोले यो क्रियालापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | यस कार्यक्रमको बजेट संरक्षित क्षेत्रहरुको जि.आई.एस. डाटा अद्यावधिक गर्ने कार्य परामर्शसेवा प्रदायक मार्फत सम्पन्न गर्दा स्वीकृत लागत अनुमान एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत कार्यसूचि (TOR) अनुसार वा वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट गठित कार्यदल मार्फत कार्यक्रम सम्पन गर्दा कार्यदलको बैठक भत्ता, संभाव्यता अध्ययनको सिलसिलामा हुने समन्वय बैठकको खाना/खाजा खर्च, अध्ययन कार्यदलको दैनिक भ्रमण भत्ता, स्टेसनरी, ईन्धन, सवारी साधन भाडा, विज्ञको पारिश्रमिक आदिमा खर्च गर्न सकिनेछ। कार्यक्रमको कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, जाँचपास, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | संरक्षित क्षेत्रहरुको जि.आई.एस. डाटा अद्यावधिकका लागि नक्सांकन र अभिलेखिकरण गर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवाबाट गरिनेछ। साथै वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज विभागबाट गठित कार्यदल मार्फत सार्वजनिक खरिद प्रकृया अनुसार विज्ञहरुको सहयोगमा पनि गर्न सकिनेछ। |
| ५ | खर्च प्रक्रृया | विभागले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम खर्च भुक्तानी व्यवस्था गर्न सक्नेछ। परामर्श सेवा प्रदायक/कार्यदलले तयार गरि पेश गरेको प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | संरक्षित क्षेत्रहरुको जि.आई.एस. डाटा अद्यावधिक कार्यले संरक्षित क्षेत्रहरुको आफ्नो क्षेत्र एकिन भएको हुनेछ। |

## चुरे क्षेत्रमा रहेका जंगली हात्ती लगायत Key species को Recovery Plan तयारी

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | चुरे क्षेत्रमा रहेका जंगली हात्ती लगायत Key species को Recovery Plan तयारी गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस कार्यमा अन्य संस्थाहरुको समेत सहयोग हुन सक्नेछ। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत कार्यसूचि (TOR) अनुसार प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सेवा प्रदायक संस्था मार्फत गरिने छ। यस कार्य वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज विभागबाट गठित कार्यदल मार्फत पनि गर्ने सकिनेछ। कार्यदलबाट कार्यक्रम सम्पन गर्दा कार्यदलको बैठक भत्ता, अध्ययनको सिलसिलामा हुने समन्वय बैठकको खाना/खाजा खर्च, अध्ययन कार्यदलको दैनिक भ्रमण भत्ता, स्टेसनरी, ईन्धन, सवारी साधन भाडा, विज्ञको पारिश्रमिक आदिमा खर्च गर्न सकिनेछ। यस कार्यक्रमको लागत अनुमान अनुसार कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। |

| | | |
|---|---|---|
| ४ | कार्यप्रकृया | चुरे क्षेत्रमा रहेका जंगली हात्ती लगायत Key species को Recovery Plan तयारी कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवाबाट गरिनेछ। साथै वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज विभागबाट गठित कार्यदल मार्फत विज्ञको सहयोग लिएर पनि गर्न सकिनेछ। |
| ५ | खर्च प्रक्रृया | राष्ट्रिय निकुञ्ज तथा तथा वन्यजन्तु संरक्षण विभागबाट तयार भएको कार्यसूचि (TOR) अनुसार परामर्श सेवा प्रदायक संस्था/कार्यदलले पेश गरेको अध्ययन प्रतिवेदन तथा प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | चुरे क्षेत्रमा रहेका जंगली हात्ती लगायत Key species को Recovery Plan तयार भएको हुनेछ। |

### स्तनधारी वन्यजन्तुको रेडलिष्ट अपडेट

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | स्तनधारी वन्यजन्तुको रेडलिष्ट अपडेट गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट स्तनधारी वन्यजन्तुको रेडलिष्ट अपडेट गर्न प्रयोग गरिनेछ। यो कार्य प्रचलित सार्वजिनक खरिद प्रकृया बमोजिम सेवा प्रदायक संस्था मार्फत गरिने छ। यो कार्य वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज विभागबाट गठित कार्यदल मार्फत पनि गर्न सकिनेछ। कार्यदल मार्फत कार्यक्रम सम्पन गर्दा कार्यदलको बैठक भत्ता, अध्ययनको सिलसिलामा हुने समन्वय बैठकको खाना/खाजा खर्च, अध्ययन कार्यदलको दैनिक भ्रमण भत्ता, स्टेसनरी, ईन्धन, सवारी साधन भाडा, विज्ञको पारिश्रमिक आदिमा खर्च गर्न सकिनेछ । यस कार्यक्रमको कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | स्तनधारी वन्यजन्तुको रेडलिष्ट अपडेट कार्य राष्ट्रिय निकुञ्ज तथा तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत भएको कार्यसूचि (TOR) अनुसार प्रचलित सार्वजनिक खरिद प्रकृया बमोजिम परामर्श सेवाबाट गरिनेछ। वन तथा वातावरण मन्त्रालय/ राष्ट्रिय निकुञ्ज विभागबाट गठित कार्यदल मार्फत विज्ञहरुको सहयोगमा पनि गर्न सकिनेछ। |
| ५ | खर्च प्रक्रृया | राष्ट्रिय निकुञ्ज तथा तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत भएको कार्यसूचि (TOR) अनुसार परामर्श सेवा प्रदायक संस्था/कार्यदलले पेश गरेको अध्ययन प्रतिवेदन तथा प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | स्तनधारी वन्यजन्तुको रेडलिष्ट अपडेट भएको हुनेछ। |

## सडक तथा पुल निर्माण (३११५१)

### कजवे निर्माण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्र अवलोकनका लागि आएका पर्यटकहरुलाई बर्षातको समयमा साना खहरे खोल्साहरुमा आएको बाढीमा पानी नघटुन्जेलसम्म कुरेर बस्नु पर्ने, नियमित पानी बग्ने स्थानहरुमा आवत जावत गर्न कठीनाई भएकोले र कर्मचारीहरुलाई वन्यजन्तु अनुगमन तथा चोरी शिकार नियन्त्रणका लागि गस्ती गर्ने कार्यमा समेत सहयोग पुग्ने भएकोले प्राणी उद्यान क्षेत्रभित्र कजवे निर्माण गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयहरुबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट कजवे निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। कजवे निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत, सूचना प्रकाशन, समन्वय बैठक आदिमा खर्च गर्न सकिनेछ। कजवे निर्माणका लागि आवश्यक ढुँगा, |

| | | |
|---|---|---|
| | | गिट्टी, बालुवा संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | यो कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। संरक्षित क्षेत्रमा प्राणी उद्यानमा कजवे निर्माण भई पर्यटकलाई संरक्षित क्षेत्रको अवलोकन गर्न सहज हुनुका साथै कर्मचारीहरुलाई गस्ती गर्ने कार्यमा समेत सहयोग पुगेको हुनेछ। |

## खानेपानी संरचना निर्माण(३११५६)

### *खानेपानी सुद्दीकरण उपकरण जडान तथा संचालन*

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | डिप बोरिङबाट तानिएको पानीलाई सुद्धिकरण गरी कार्यालयका कर्मचारी तथा पर्यटक, सेवाग्राहीलाई खान योग्य बनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत राष्ट्रिय प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट खानेपानी सुद्धिकरण उपकरण जडान गर्ने तथा संचालन गर्ने कार्यमा खर्च गरिनेछ । यस कार्यक्रमको स्वीकृत लागत अनुमान अनुसार कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, मुल्याङ्कन समितिको बैठक भत्ता, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | खानेपानी सुद्धिकरण उपकरण जडान गर्ने तथा संचालन गर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रकृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | राष्ट्रिय प्राणी उद्यान कार्यालयमा खानेपानी व्यवस्था भएको हुनेछ। |

## वन तथा वातावरण संरक्षण (३११५७)

## वन्यजन्तुका लागि पानी पोखरी निर्माण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | वन्यजन्तुका लागि नियमित रुपमा आवश्यक पर्ने खानेपानी र आहाल बस्ने प्रयोजनका लागि पानी पोखरी व्यवस्थापन गर्नु अत्यावश्यक देखिन्छ। वन्यजन्तुहरु पानीको लागि गाउ बस्ति हुँदै खोलासम्म पुग्नु पर्दा शिकारीको आक्रमणमा परी मृत्यु हुने सम्भावना पनि रहन्छ।त्यसैले वन्यजन्तुलाई खानेपानी व्यवस्थापन गर्न यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयहरुबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तुका लागि पानी पोखरी निर्माण गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | वन्यजन्तुका पानी पोखरी निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि |

| | | |
|---|---|---|
| | | ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ । स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोष्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ । |
| ५ | खर्च प्रक्रृया | लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा अन्तिम भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ । बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ । गर्मी मौसममा पनि वन्यजन्तुले संरक्षित क्षेत्रभित्रै पर्याप्त रुपमा पानी खान पाएको हुनेछन । |

## प्राणी उद्यानको गुरुयोजनामा उल्लेखित कार्यहरुको डिपिआर तयारी

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | भानुभक्त प्राणी उद्यान तनहुँको गुरुयोजना तयार भएको र उक्त गुरुयोजनामा उल्लेखित कार्यहरुको डिपिआर तयार गरी प्राणी उद्यानका संरचना निर्माण कार्यहरु सञ्चालन गर्नुपर्ने भएको हुँदा यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयहरुबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | यस कार्यक्रममा छुट्टाईएको बजेट डि पि आर निर्माणको लागि प्राणी उद्यानले तयार गरि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत कार्यसूचि (TOR) अनुसार परामर्श सेवा प्रदायक मार्फत प्राणी उद्यानको गुरुयोजनामा उल्लेखित कार्यहरुको डिपीआर तयार गर्ने कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । डिपीआर तयार गर्ने कार्यको अतिरिक्त कन्टिनजेन्सी/ कार्यालय व्यवस्थापनमा छुट्याईएको बजेटबाट राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट स्वीकृत लिई कार्यविधि बमोजिम सूचना प्रकाशन, मुल्याङ्कन समितिको बैठक भत्ता, ईन्धन, कार्यालय व्यवस्थापन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ । |
| ४ | कार्यप्रकृया | डिपिआर तयारी कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवा प्रदायक मार्फत गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | स्वीकृत कार्यसूचि (TOR) अनुसार परामर्श सेवा प्रदायकबाट पेश भएको प्रतिवेदन तथा प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा स्वीकृत TOR, प्रस्ताव माग सम्वन्धि डकुमेन्ट, प्रस्तावदातासंग गरेको बार्ताको निर्णय बमोजिम भएको सम्झौता अनुसार भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | भानुभक्त प्राणी उद्यान तनहुँको डिपिआरको मस्यौदा तयार भएको हुनेछ । |

## प्राणी उद्यानको गुरु योजनाको आई.ई.ई.तयार

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | भानुभक्त प्राणी उद्यानको गुरु योजनाको आई.ई.ई. गर्न बाँकी रहेकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट प्राणी उद्यानको गुरु योजनाको आई.ई.ई. कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । प्राणी उद्यानको गुरु योजनाको आई.ई.ई. कार्यको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ । |
| ४ | कार्यप्रकृया | प्राणी उद्यानको गुरु योजनाको आई.ई.ई. तयार गर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको नापि किताव, ठेक्का विल तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | भानुभक्त प्राणी उद्यानको गुरु योजनाको आई.ई.ई. तयार तथा स्वीकृत भई गुरु योजना कार्यान्वयनमा आएको हुनेछ । |

## अन्य सार्वजनिक निर्माण (३११५९)

### साइनबोर्ड , सूचनाबोर्ड  निर्माण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | भानुभक्त प्राणी उद्यानभित्र प्रवेश गर्ने पर्यटक तथा सेवाग्राहीहरूलाइ निषेधित कुराहरु लगायत अन्य सूचनाहरु जानकारी गराउन ठाउँ ठाउमा साइनबोर्ड, सूचना बोर्ड राख्नु पर्ने हुँदा यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयहरुबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट साईनबोर्ड, सूचनाबोर्ड, होर्डिङ बोर्ड निर्माण, ढुवानि तथा सम्वन्धित स्थानमा स्थापनाका लागि खाडल निर्माण लगायत कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । |
| ४ | कार्यप्रकृया | साईनबोर्ड, सूचनाबोर्ड, होर्डिङ बोर्ड निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । यस कार्यक्रमको स्वीकृत लागत अनुमान अनुसार कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, मुल्याङ्कन समितिको बैठक भत्ता, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ । |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | प्राणी उद्यानमा साइनबोर्ड/ सूचनाबोर्ड/ होर्डिङ्ग स्थापना भई जानकारीमूलक सूचनाहरु प्रवाह भएको हुनेछ । |

### वेवसाइट निर्माण तथा संचालन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | कार्यालयहरुले सार्वजनिक गर्नु पर्ने सूचनाहरु तथा अन्य सार्वजनिक गर्नु पर्ने विषय बस्तुहरु सार्वजनिक गर्ने प्रयोजनका लागि यस कृयाकलापको व्यवस्था गरिएको हो । यस अन्तर्गत राष्ट्रिय निकुञ्ज विभागको वेवसाईटको विषय बस्तुसंग मिल्दो र एक रुपता देखिने किसिमबाट नयाँ वेवसाईट निर्माण गरी संचालन गरिनेछ । |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयहरुबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट नयाँ वेवसाइट निर्माण तथा संचालन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । |
| ४ | कार्यप्रकृया | वेवसाइट निर्माण तथा संचालन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार परामर्श सेवाबाट गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन र वेवसाईटको सार्वजनिकिकरणको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | वेवसाईट निर्माण तथा संचालन भै कार्यालयका सार्वजनिक गर्नु पर्ने सूचनाहरु समयमै सार्वजनिक भएका हुनेछन् । |

### रिटेनिङ वाल निर्माण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | नदी पहिरोको जोखिम रहेका कार्यालय, पोष्टका साथै महत्वपूर्ण वन्यजन्तुको बासस्थानहरुको संरक्षण गर्ने उदेश्यले यो कृयाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलपा विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयहरुबाट सञ्चालन गरिनेछ । |

| | | |
|---|---|---|
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट रिटेनिङ वाल निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। रिटेनिङ वाल निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। रिटेनिङ वाल निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सूचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | स्वीकृत कार्ययोजना, डिजाइन, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न हुने सुनिश्चिता र प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको स्वीकृतिको आधारमा खर्च प्रक्रृया अवलम्बन गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | स्वीकृत कार्ययोजना बमोजिम कार्य सम्पन्न भएको हुनेछ। कार्य सम्पन्न प्रतिबेदन स्वीकृत भएको हुनेछ। सम्पन्न कार्यक्रमको प्रोफाइल तयार भएको हुनेछ। बार्षिक प्रतिबेदनमा उल्लेख भएको हुनेछ। रिटेनिङवाल निर्माण कार्यले कार्यालय, पोष्ट, बाटो सुरक्षा हुनुका साथै वन्यजन्तुको बासस्थान संरक्षण भएको हुनेछ। |

## पूँजिगत सुधार (३११७१)

### वन्यजन्तु अनुगमनका वनपथ/गोरेटो बाटो/ अग्नीरेखा मर्मत सुधार

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | भानुभक्त प्राणी उद्यानमा वन्यजन्तु अनुगमनका लागि आवश्यक पर्ने वनपथ/ गोरेटो बाटो/ अग्नी रेखा मर्मत सुधार जस्ता कार्यहरु गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयहरुबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तु अनुगमनका वनपथ/गोरेटो बाटो/ अग्नीरेखा मर्मत सुधार अन्तर्गत घाँस, बुट्यान, झाडि हटाउने, माटो सम्याउने नाला बनाउने जस्ता कार्य गरिनेछ। |
| ४ | कार्यप्रकृया | वन्यजन्तु अनुगमनका वनपथ/गोरेटो बाटो/ अग्नीरेखा मर्मत सुधार कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | भानुभक्त प्राणी उद्यानमा वन्यजन्तु अनुगमन गर्ने कार्यमा सहज भएको हुनेछ। |

### साइनबोर्ड मर्मत

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | भानुभक्त प्राणी उद्यानभित्र प्रवेश गर्ने पर्यटक तथा सेवाग्राहीहरूलाइ निषेधित कुराहरु लगायत अन्य सूचनाहरु जानकारी गराउन ठाउँ ठाउमा राखिएका साइनबोर्डहरु मर्मत गर्नु भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयहरुबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट साईनबोर्ड मर्मत कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |

| | | |
|---|---|---|
| ४ | कार्यप्रकृया | साईनबोर्ड मर्मत कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। यस कार्यक्रमको स्वीकृत लागत अनुमान अनुसार कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, मुल्याङ्कन समितिको बैठक भत्ता, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | प्राणी उद्यानमा साइनबोर्ड व्यवस्थित भई जानकारीमूलक सूचनाहरु प्रवाह भएको हुनेछ। |

## विभाग/कार्यालयको परिसर/ बगैंचा मर्मत सुधार

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | कार्यालयहरुमा बगैंचा व्यवस्थापन तथा परिसर क्षेत्र सरसफाई गर्न यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट विभागको परिसर सरसफाई, बगैंचा मर्मत सूधार, बगैंचामा दुवो रोपण, बगैंचाका लागि विरुवा खरिद, पानिका लागि पाईप खरिद, फूलबारी बगैंचा सरसफाई गर्न आवश्यक औजार खरिद लगायतका कार्य सम्पन्न गरिनेछ। |
| ४ | कार्यप्रकृया | विभागको परिसर/ बगैचा मर्मत सुधार कार्य सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | विभागको परिसर सरसफाई हुनुका साथै वगैचा व्यवस्थापन भएको हुनेछ। |

## भवन तथा शौचालय मर्मत सुधार

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | कार्यालयको भवन तथा शौचालय तथा विजुली वाईरिङ मर्मत सुधार गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप निम्नानुसारका कार्यालयबाट सञ्चालन गरिनेछ :<br>१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग<br>२. राष्ट्रिय प्राणी उद्यान<br>३. भानुभक्त प्राणी उद्यान |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट भवन, शौचालय तथा विजुली वाईरिङ मर्मत सुधार कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | भवन तथा शौचालय मर्मत सुधार कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | भौतिक पूर्वाधारको व्यवस्था भई कर्मचारीहरुलाई सुविधा प्राप्त भएको हुनेछ। |

## प्रवेशद्वार मर्मत सुधार

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | भानुभक्त प्राणी उद्यानमा निर्माण कार्य अधुरो रहेको प्रवेशद्वार निर्माण कार्य सम्पन्न गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप भानुभक्त प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट प्रवेशद्वार निर्माण/मर्मत कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |

| | | |
|---|---|---|
| ४ | कार्यप्रकृया | प्रवेशद्वार मर्मत  कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | भानुभक्त प्राणी उद्यानमा  प्रवेशद्वार निर्माण भएको हुनेछ । |

### विभागको नेटवर्किङ केवल मर्मत सुधार

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | विभागका शाखा शाखाहरुमा पुऱ्याईएका नेटवर्किङ केवलहरु घाम, पानीका कारण र ठाउँ ठाउँमा मुसाले काटेका कारण सवै शाखाका कम्प्युटरहरुमा नेटवर्किङ कार्यमा समस्या भएकोले सो व्यवस्थापनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप  राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट विभागको नेटवर्किङ केवल मर्मत सुधार  कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । |
| ४ | कार्यप्रकृया | विभागको नेटवर्किङ केवल मर्मत सुधार  कार्य  प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | विभागका सवै शाखा र कम्प्युटरहरुमा नेटवर्किङ व्यवस्था भई सुचारु रुपमा संचालन भएको हुनेछ । |

## आ. चालु खर्च कार्यक्रम

## सफ्टवेयर संचालन परामर्श खर्च  (२२४१२)

### सफ्टवेयर स्तरिकरण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | विभागको अनुगमन तथा मूल्यांकन शाखावाट निर्माण भएको डाटावेस सफ्टवेयर र राष्ट्रिय योजना आयोगको ढाँचामा तयार गरिएको बार्षिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गर्ने सफ्टवेयर स्तरिकरण गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट सफ्टवेयर स्तरिकरण गर्ने कार्यमा खर्च गरिनेछ ।  सफ्टवेयर स्तरिकरण गर्ने कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गत आ.ब.मा सफ्टवेयर निर्माण गर्ने सेवा प्रदायक संस्था मार्फत गरिनेछ  । |
| ४ | कार्यप्रकृया | सफ्टवेयर स्तरिकरण कार्य सेवा प्रदायक संस्थाले गर्नेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न  प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | सफ्टवेयर स्तरिकरण तथा अपडेट भई कार्यान्वयनमा आई रहेको हुनेछ । |

### विद्युतीय उपकरण अपग्रेड तथा नेटवर्किङ व्यवस्थापन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | विभागका महानिर्देशक, महाशाखा, शाखाहरुमा रहेका कम्प्युटर, प्रिन्टर, फोटोकपी, स्क्यानर, सि सि टिभि, विद्यतीय हाजिरी चालु अवस्थामा रहि रहनु पर्ने र तिनमा नेटवर्किङ व्यवस्था भई रहनु पर्ने भएकोले उक्त कार्य व्यवस्थित गर्नका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट सञ्चालन गरिनेछ । |

| | | |
|---|---|---|
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट विभागका डेस्कटप कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, स्क्यानर, सिसि टि.भि. क्यामेरा, विद्युतीय हाजिरी दैनिक वा साप्ताहिक रुपमा मर्मत सुधार गरे बापत सेवा प्रदायक संस्था मार्फत प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार खर्च गरिनेछ । |
| ४ | कार्यप्रकृया | विभागका डेस्कटप कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, स्क्यानर, सिसि टि.भि. क्यामेरा, विद्युतीय हाजिरी दैनिक वा साप्ताहिक रुपमा कर्मचारी खटाई वर्षभरी मर्मत सुधार गर्ने सेवा प्रदायक संस्थासंग विभागले संझौता गर्नेछ । सोही संझौताको आधारमा कार्य सम्पन्न हुनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन ( गरेको काम र प्रमाणित हाजिर) को आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिका सूचक तथा उपलब्धी | विभागका विद्युतीय उपकरणहरु निरन्तर चालु अवस्थामा रहेका हुनेछन । |

## कर्मचारी तालिम (२२५११)

### सार्वजनिक खरिद व्यवस्थापन तथा वेरुजु फछौंट सम्वन्धी तालिम

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्र कार्यालयका कर्मचारीहरुलाई सार्वजनिक खरिद व्यवस्थापन तथा वेरुजु फछौंट तालिम दिन आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट संरक्षित क्षेत्रका कर्मचारीहरुलाई सार्वजनिक खरिद व्यवस्थापन तथा वेरुजु फछौंट तालिम कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । यस शिर्षकबाट कर्मचारी तथा सहभागीहरुको दैनिक भ्रमण भत्ता, होटलबास खर्च, खाजा खर्च, सवारी साधन भाडा वा सवारीमा प्रयोग हुने ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ । |
| ४ | कार्यप्रकृया | संरक्षित क्षेत्रका कर्मचारीहरुलाई सार्वजनिक खरिद व्यवस्थापन तथा वेरुजु फछौंट तालिम विभागका कर्मचारी मार्फत संचालन गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | संरक्षित क्षेत्रका कर्मचारीहरु सार्वजनिक खरिद व्यवस्थापन र वेरुजु फछौंट कार्यमा सक्षम भएका हुनेछन । |

## सीप विकास तथा क्षमता अभिबृद्धि तालिम तथा गोष्ठीहरु (२२५१२)

### संरक्षित क्षेत्रका प्रमुखहरुको सम्मेलन (वार्डेन सेमिनार)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | विभिन्न भौगोलिक क्षेत्रमा रहेका संरक्षित क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा आई परेका समस्याहरुका बारेमा विभागीय प्रमुख, शाखा प्रमुख, संरक्षित क्षेत्रका प्रमुखहरु, संरक्षित क्षेत्रको संरक्षणमा खटिएका सुरक्षा सेनाका प्रमुखहरु र सरोकारवाला संस्थाका प्रमुखहरु सबै एकै थलोमा रहि छलफल गर्ने, समाधानका उपायहरु तय गर्ने र हाल राज्यले अंगालेका नीति अनुरुप आगामी दिनमा संरक्षित क्षेत्रहरुको दीगो संरक्षण र व्यवस्थापनका लागि भावी रणनीति तयार गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट संरक्षित क्षेत्रका प्रमुखहरुको सम्मेलन (वार्डेन सेमिनार) कार्य सम्पन्न गर्न सम्मेलनमा सहभागी हुने अतिथीदेखि सहभागीहरुको आते जाते खर्च, खाना खर्च, बास खर्च तथा सम्मेलनमा सहभागीहरुलाई प्रदान गरिने टि-सर्ट/ व्याग/ ज्याकेट खरिद गर्न सकिनेछ । |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत राज्यले संरक्षित क्षेत्रसंग सम्वन्धित विषयमा हाल प्राथमिकता दिएको विषयलाई समेटेर केन्द्र (विभाग) ले नारा तय गर्दछ, सोहि नारामा केन्द्रित रहि प्रत्येक संरक्षित क्षेत्रका प्रमुख (वार्डेन) ले आ-आफ्नो संरक्षित क्षेत्रको तर्फबाट प्रस्तुतिकरण गर्दछन र सो उपर अन्य सहभागीहरुबाट छलफल गराई |

| | | |
|---|---|---|
| | | आगामी दिनका लागी रणनीति तय गरिनेछ । यस सम्मेलनमा सो नारासंग सम्वन्धित विज्ञबाट समेत प्रस्तुतिकरण गर्ने गरिन्छ । संरक्षित क्षेत्रका प्रमुखहरुको सम्मेलन (वार्डेन सेमिनार) विभागका कर्मचारी मार्फत संचालन गरिनेछ |
| ५ | खर्च प्रकृया | कर्मचारीले पेश गरेको संरक्षित क्षेत्रका प्रमुखहरुको सम्मेलन (वार्डेन सेमिनार) सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | संरक्षित क्षेत्रको संरक्षण र व्यवस्थापन देखिएका समस्या र चुनौतिका बारेमा साझा बुझाई भई आगामी दिनमा संरक्षण र व्यवस्थापन कार्यलाई थप प्रभावकारी वनाउन संकल्प प्रस्ताव समेत पारित भएको हुनेछ । |

## मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको भेला

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा स्थानीय बासिन्दाहरुको सहभागीता जुटाउने उदेश्यले राज्यबाट घोषणा भएका मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रका प्रमुख (मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष तथा संरक्षण क्षेत्र व्यबस्थापन समितिका अध्यक्ष) हरुलाई आ-आफ्नो क्षेत्रमा आई परेका समस्याहरुका बारेमा एकै थलोमा रहि छलफल गर्ने, समाधानका उपायहरु तय गर्ने र भावी रणनीति तयार गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | यस कार्यक्रममा छुट्टाईएको बजेट मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको भेला गर्ने कार्य सम्पन्न गर्न मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरु दैनिक भ्रमण भत्ता, होटलबास खर्च, खाजा खर्च, सवारी साधन भाडा वा सवारीमा प्रयोग हुने ईन्धन, मर्मत, भेलाका सहभागीहरुलाई प्रदान गरिने टि-सर्ट/ व्याग/ ज्याकेट खरिदमा खर्च गर्न सकिनेछ । |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष तथा संरक्षण क्षेत्र व्यबस्थापन समितिका अध्यक्षहरुले आ-आफ्नो क्षेत्रमा आई परेका समस्याहरुका बारेमा एकै थलोमा रहि छलफल गरी समाधानका उपायहरु र भावी रणनीति तयार गरिनेछ । मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको भेला विभागका कर्मचारी मार्फत संचालन गरिनेछ । |
| ५ | खर्च प्रकृया | कर्मचारीले पेश गरेको मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको भेला सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | संरक्षित क्षेत्र तथा मध्यवर्ती क्षेत्रको संरक्षण र व्यवस्थापन देखिएका समस्या र चुनौतिका बारेमा साझा बुझाई भई आगामि दिनमा संरक्षण र व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन संकल्प प्रस्ताव समेत पारित गरेको हुनेछ । |

## वार्षिक प्रगती समिक्षा गोष्ठी

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | प्रत्येक संरक्षित क्षेत्र कार्यालयले गत आ.ब.का स्वीकृत बार्षिक कार्यक्रमको प्रगतिको अवस्था प्रस्तुत गर्नुका साथै सम्पन्न गर्न नसकिएका कार्यक्रम, सो को कारण वारे विस्तृत छलफल गर्ने र आगामी दिनमा त्यस्ता कार्यक्रम कसरी सम्पन्न गर्ने भन्ने बारे छलफल गर्न सवै संरक्षित क्षेत्र कार्यालयका प्रमुखहरुलाई भेला गराई राष्ट्रिय स्तरमा छलफल गर्न यो कृयाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | बार्षिक प्रगति समिक्षा गोष्ठी संचालन गर्ने कर्मचारी तथा सहभागीहरुको दैनिक भ्रमण भत्ता, होटलबास खर्च, खाजा खर्च, सवारी साधन भाडा वा सवारीमा प्रयोग हुने ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ । कार्यक्रममा छुट्टाईएको बजेटबाट बार्षिक प्रगति समिक्षा गोष्ठी कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । |

| | | |
|---|---|---|
| ४ | कार्यप्रकृया | यस अन्तर्गत प्रत्येक संरक्षित क्षेत्र कार्यालयका प्रमुखहरुले आ-आफ्नो कार्यालयको बार्षिक प्रगति, कार्यक्रम कार्यान्वयनमा आई परेका कठिनाई र सो को लागि गरिएको पहल बारे प्रस्तुत गर्नेछन र सो उपर छलफल गरिनेछ। बार्षिक प्रगति समिक्षा गोष्ठी विभागका कर्मचारी मार्फत संचालन गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीले पेश गरेको बार्षिक प्रगति समिक्षा गोष्ठी सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | यस कार्यक्रमबाट गत आ.ब.का कार्यक्रमको समिक्षा गर्दै भावी कार्यक्रमको लागि रणनीति तयार भएको हुनेछ। |

## मानव-वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना गोष्ठी

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | पछिल्लो समयमा संरक्षित क्षेत्रको मुख्य चुनौती मानव वन्यजन्तु द्वन्द न्यूनिकरण पनि एक हो। यस बारेमा सचेतना सम्वन्धी गोष्ठी गर्न आवश्यक भएकोले यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत भानुभक्त प्राणी उद्यान कार्यालयबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना गोष्ठी कार्य सम्पन्न गर्न मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना गोष्ठीका सहभागीहरुको खाना, खाजा खर्च र सवारीमा प्रयोग हुने ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत संरक्षित क्षेत्र कार्यालयले वन्यजन्तुको बढी प्रभावित क्षेत्रमा स्थानीय बासिन्दा तथा सरोकारवालाहरुलाई जम्मा भेला गराई वन्यजन्तुहरुको बानी व्यहोरा, वन्यजन्तु बाट वच्ने उपायहरुका बारेमा अन्तरक्रिया छलफल गर्नेछन। मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सचेतना गोष्ठी कर्मचारी मार्फत संचालन गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | मानव वन्यजन्तु द्वन्द न्यूनिकरण गोष्ठी भै सचेतना जागरण भएको हुनेछ। |

## पूर्व योजना तर्जुमा गोष्ठी

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | प्रत्येक संरक्षित क्षेत्र कार्यालयले फाल्गुण १५ गते भित्र आफ्नो कार्यालयको आगामी आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम तयार गरी LMBIS मार्फत प्रस्ताव गर्नु पर्ने हुन्छ। यसरी बजेट प्रस्ताव गर्दा सम्वन्धित संरक्षित क्षेत्रको व्यवस्थापन योजनाका साथै राष्ट्रिय योजना आयोग, वन तथा वातावरण मन्त्रालयले गरेका मार्गदर्शनलाई समेत समेटेर बजेट प्रस्ताव गर्नु पर्दछ। कार्यालयहरुले प्रस्ताव गरेका कार्यक्रमहरुलाई राष्ट्रिय योजना आयोगका प्रतिनिधि ,अर्थ मन्त्रालयका प्रतिनिधी, वन तथा वातावरण मन्त्रालयका प्रतिनिधी, विभागीय प्रमुख, महाशाखा प्रमुख, शाखा प्रमुख र अन्य संरक्षित क्षेत्र कार्यालयका प्रमुखहरु समेतको भेलामा प्रस्तुत तथा छलफल गरी अन्तिम प्रस्तावित कार्यक्रम तयार गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट पूर्व योजना तर्जूमा गोष्ठी कार्य सम्पन्न गर्न पूर्व योजना तर्जूमा गोष्ठी संचालन गर्ने कर्मचारी तथा सहभागीहरुको दैनिक भ्रमण भत्ता, होटलबास खर्च, खाजा खर्च, सवारी साधन भाडा वा सवारीमा प्रयोग हुने ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | यस कार्यमा विभागले राष्ट्रिय योजना आयोग र वन तथा वातावरण मन्त्रालयबाट प्राप्त मार्गदर्शन र बजेट सिलिङ कार्यालयलाई उपलव्ध गराउँछ र सोही आधारमा कार्यालयले प्रस्तावित बजेट तथा कार्यक्रम तयार गरी पूर्व योजना तर्जुमा गोष्ठीमा प्रस्तुत गरी सो उपर छलफल भै अन्तिम प्रस्तावित कार्यक्रम तयार गरिनेछ। पूर्व योजना तर्जूमा गोष्ठी विभागका कर्मचारी मार्फत संचालन गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |

| | | |
|---|---|---|
| ६ | प्रगतिका सूचक तथा उपलब्धी | योजनाका आधारभूत विषय र आगामी आ.व.मा LMBIS मार्फत प्रविष्ट गर्ने प्रस्तावित कार्यक्रमको विषयमा छलफल भएको हुनेछ। |

**केन्द्रीय स्तर तथा राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति / राष्ट्रिय बाघ संरक्षण समिति,नेपालको वैठक**

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | वन्यजन्तु अपराध नियन्त्रणका लागि गठन भएको विभाग स्तरको केन्द्रिय स्तरको वन्यजन्तु अपराध नियन्त्रण ईकाई, मन्त्रालयस्तरको राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति तथा प्रधानमन्त्री स्तरको राष्ट्रिय बाघ संरक्षण समितिको बैठक संचालन गर्न आवश्यक भएकोले यस क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | यस कार्यक्रममा छुट्टाईएको बजेटबाट विभाग स्तरको केन्द्रिय स्तरको वन्यजन्तु अपराध नियन्त्रण ईकाई, मन्त्रालयस्तरको राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति तथा प्रधानमन्त्री स्तरको राष्ट्रिय बाघ संरक्षण समितिको बैठक सम्पन्न गर्न वैठकका सहभागीहरुको स्टेशनरी, वैठक भत्ता तथा खाजामा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। यो कार्यक्रम विभागका कर्मचारीहरुबाट संचालन गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | स्वीकृत कार्ययोजना, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न पश्चात कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | केन्द्रिय स्तर, राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वन समिति तथा राष्ट्रिय बाघ संरक्षण समितिको केन्द्रियस्तरको वैठक सम्पन्न भई वन्यजन्तु अपराध नियन्त्रण तथा बाघ संरक्षण कार्यमा केन्द्रदेखि जिल्लास्तरसम्म समन्वय भएको हुनेछ। |

**Asian Rhino Range state meetng**

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | Asian Rhino Range state meeting गर्ने प्रयोजनका लागि यस क्रियाकलापको व्यवस्था गरिएको हो । यस वैठकमा अन्य संरक्षणका साझेदार संस्थाहरुको समेत सहकार्य हुन सक्नेछ। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | यस कार्यक्रममा छुट्टाईएको बजेटबाट Asian Rhino Range state meeting गर्ने खर्च गरिनेछ। यस कार्यमा साझेदार संस्थाको समेत खर्च हुनेछ। |
| ४ | कार्यप्रकृया | कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। यो कार्यक्रम विभागका कर्मचारीहरुबाट संचालन गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | स्वीकृत कार्ययोजना, लागत अनुमान अनुसार सम्पूर्ण कार्य सम्पन्न पश्चात कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | नेपालमा Asian Rhino Range state meeting सम्पन्न भएको हुनेछ। |

## कार्यक्रम खर्च (२२५२२)

### वार्षिक प्रगति पुस्तिका प्रकाशन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रभित्र सञ्चालन गरिएका विविध गतिविधिहरु, पर्यटकको संख्या, राजस्वको विवरण, मानव वन्यजन्तु द्धन्दको अवस्था, अध्ययन अनुसन्धान, राहत वितरण लगायतका सम्पूर्ण कार्यहरुको प्रगतिलाई एकिकृत गरी वार्षिक रुपमा कार्यालयले प्रगति विवरण सहितको पुस्तिका प्रकाशन गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग<br>२. राष्ट्रिय प्राणी उद्यान<br>३. भानुभक्त प्राणी उद्यान |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट बार्षिक प्रगति पुस्तिका प्रकाशन कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | कार्यालयका कर्मचारीले बार्षिक प्रगति प्रतिवेदन तयार गर्नेछन र सेवा प्रदायक संस्थाबाट छपाई भई कर्मचारीहरुले सरोकारवाला निकायहरुमा वितरण गर्नुका साथै सर्वसाधारणको जानकारीको लागी सम्वन्धीत कार्यालयको वेवसाईटमा राखिनेछ। बार्षिक प्रगति पुस्तिका प्रकाशन कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | संरक्षित क्षेत्रभित्र सञ्चालन भएका र गरिएका विविध गतिविधिहरुको बारेमा जानकारी सार्वजनिक भएको हुनेछ। |

### संरक्षण सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका स्थानीय बासिन्दाहरु कतिपय अवस्थामा अज्ञानताका कारण कसूर गर्न पुग्दछन, त्यसैले स्थानीय बासिन्दालाई संरक्षित क्षेत्रको बारेमा जानकारी गरानु पर्ने हुँदा सो संरक्षण सम्वन्धी प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण गर्ने यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. भानुभक्त प्राणी उद्यान<br>२. राष्ट्रिय प्राणी उद्यान |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट संरक्षण सम्वन्धी प्रचार प्रसारका कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | कार्यालयका कर्मचारी मार्फत प्रचार प्रसारका सामाग्री संकलन गरिनेछ र प्रचलित सार्वजनिक खरिद प्रकृया बमोजिम छपाई भई वितरण गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन र कार्यालयमा दाखिलाको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | स्थानीय बासिन्दाहरुमा संरक्षित क्षेत्र सम्वन्धी जनचेतना अभिवृद्धि भएको हुनेछ। |

### संरक्षण सम्वन्धी संचार माध्यमबाट प्रचार प्रसार

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका स्थानीय बासिन्दाहरु अज्ञानताका कारण संरक्षित क्षेत्रका निषेशित कार्य गर्न पुग्दछन, त्यसैले स्थानीय बासिन्दालाई संरक्षित क्षेत्रको बारेमा जानकारी गराउनु पर्ने हुँदा |

| | | |
|---|---|---|
| | | उनीहरुले सुन्ने रेडियो एफ.एम. तथा टि.भि. मार्फत सूचना एवं जानकारी गराउँदा बढि प्रभावकारी हुने देखिएकोले यस क्रियाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछ ।<br>१. राष्ट्रिय प्राणी उद्यान<br>२. भानुभक्त प्राणी उद्यान |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट संरक्षण सम्वन्धी संचार माध्यमबाट प्रचार प्रसार कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । |
| ४ | कार्यप्रकृया | संरक्षण सम्वन्धी संचार माध्यमबाट प्रचार प्रसार कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिने छ । प्रसारण गरिने सूचना कार्यालयले तयार गरी सेवा प्रदायक संस्था/ संचार गृहहरुसंग संझौता गरी कार्य सम्पन्न गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन तथा सेवा प्रदायक संस्था/ संचार गृहहरुको बीलको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | संरक्षित क्षेत्र वरिपरीका स्थानीय समुदायले संरक्षित क्षेत्र, वन्यजन्तु तथा जैविक विविधता संरक्षण सम्बन्धी जानकारी र निषेधित कार्य गरेमा भोग्नुपर्ने सँजाय सम्बन्धी जानकारी प्राप्त गरेका हुनेछन् । |

## संरक्षण सम्वन्धी स्कूल शिक्षा कार्यक्रम

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रको आसपास तथा मध्यवर्ती क्षेत्रमा रहेका विद्यालयहरुमा संरक्षण सम्वन्धी कक्षाहरु संचालन गर्ने, संरक्षण सम्वन्धी प्रतियोगिता गराउने, पुरस्कृत गर्ने जस्ता कार्य गरि विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा संरक्षण सम्वन्धी चेतना अभिबृद्धि गराउने उद्देश्यका साथ यो कृयाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. राष्ट्रिय प्राणी उद्यान<br>२. भानुभक्त प्राणी उद्यान |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट संरक्षण सम्वन्धी स्कूल शिक्षा कार्यक्रम अन्तर्गत संरक्षण सम्वन्धि डायरी, नोटबुक, विद्यार्थीलाई वितरण गर्ने कलम, कापी लगायतका सामाग्री खरिद तथा छपाई, स्कूल शिक्षा कार्यक्रममा खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता, खाना/खाजामा खर्च गर्न सकिनेछ । |
| ४ | कार्यप्रकृया | यस कार्यक्रममा विद्यालयमा संरक्षण सम्वन्धि कक्षा संचालन, संरक्षण सम्वन्धी प्रतियोगित्मक कार्यक्रम संचालन र सहभागी विद्यार्थीहरुलाई संरक्षण सम्वन्धी सामाग्रीहरु वितरण गर्नुका साथै प्रतियोगितात्मक कार्यक्रममा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन र विद्यालयमा कार्यक्रम भएको भन्ने विद्यालयको पत्रको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | विद्यालय स्तरका विद्यार्थीहरुमा संरक्षण सम्वन्धी चेतना अभिवृद्धि भएको हुनेछ । |

## ईको क्लव संचालन सहयोग

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | बिद्यालयमा अध्ययन गर्ने बिद्यार्थीहरुलाई उनीहरुको नेतृत्व र संलग्नतामा संरक्षण सम्बन्धि क्रियाकलापहरुमा सहभागी गराई संरक्षण सम्बन्धी चेतना अभिबृदी गराउने उद्देश्यले संरक्षित क्षेत्र वरिपरिका बिद्यालयहरुमा शिक्षक र संरक्षित क्षेत्र कार्यालयका कर्मचारीको सहयोग र समन्वयमा गठन भएका इको क्लबहरुलाई क्रियाशील बनाई राख्न तथा संरक्षणसंग सम्बन्धित कार्यक्रमहरु संचालनका लागि आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउन यो क्रियाकलापको ब्यबस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत राष्ट्रिय प्राणी उद्यान कार्यालयहरुबाट सञ्चालन गरिनेछ । |

| | | |
|---|---|---|
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट ईको क्लव संचालन कार्य सम्पन्न गर्न विद्यार्थीहरुलाई संरक्षण सम्बन्धी अभिमुखीकरण गर्ने, भित्ते सूचना पत्रिका प्रकाशन गर्ने, संरक्षण सम्बन्धी पुस्तकहरु तथा कापी वितरण गर्ने लगायतका कार्यमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | कार्यालयको सम्वन्धित सेक्टर/रेञ्पोष्ट/ पोष्ट तथा म.क्षे.व्य.उपभोक्ता समितिको सिफारिसको आधारमा सम्वन्धित विद्यालयसंग संझौता गरी ईको क्लव मार्फत कार्यक्रम संचालन गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | विद्यालयसंग भएको संझौताको आधारमा सहयोग रकम भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | संरक्षण सम्बन्धी विषयमा विद्यार्थीको क्षमता अभिबृद्धि भई संरक्षणमा लाग्न अभिप्रेरित भएको हुनेछ। |

## संरक्षित क्षेत्रको ऐन, नियम, निर्देशिकाको संगालो प्रकाशन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | राष्ट्रिय निकुञ्जसंग सम्वन्धित पछिल्लो संशोधित ऐन,नियम, निर्देशिका बारे सर्वसाधारणलाई जानकारी गराउन यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | संरक्षित क्षेत्रको ऐंन, नियम, निर्देशकाको संगालो प्रकाशन कार्य सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ४ | कार्यप्रकृया | विभागका कर्मचारीले संरक्षित क्षेत्रसंग सम्वन्धित पछिल्लो संशोधित ऐन, नियम, निर्देशिकाको संकलन गर्नेछन र सेवा प्रदायक संस्था मार्फत छपाई भई वितरण गरिनेछ। उक्त संगालो विभागको वेवसाईटमा समेत राखी सर्व साधारणलाई जानकारी गराईनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्य सम्पन्न प्रतिवेदन र विभागमा दाखिला अभिलेखको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | पछिल्लो संशोधित ऐन, नियम, निर्देशिकाको संगालो प्रकाशित भई सर्वसाधारण सूचित भएका हुनेछन। |

## नेपालका संरक्षित क्षेत्र पुस्तिका प्रकाशन तथा वितरण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | नेपालका सवै संरक्षित क्षेत्रहरुका बारेमा जानकारी गराउने संरक्षित क्षेत्र पुस्तिका प्रकासन गरी वितरण गर्न यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | संरक्षित क्षेत्र पुस्तिका प्रकाशन तथा वितरण कार्य सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ४ | कार्यप्रकृया | विभागका कर्मचारीले संरक्षित क्षेत्रसंग सम्वन्धित विवरणहरु संकलन गर्नेछन र सेवा प्रदायक संस्था मार्फत छपाई भई वितरण गरिनेछ। उक्त पुस्तिका विभागको वेवसाईटमा समेत राखी विद्यार्थी,अनुसन्धानकर्ता तथा सर्व साधारणलाई जानकारी गराईनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्य सम्पन्न प्रतिवेदन र विभागमा दाखिला अभिलेखको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | संरक्षित क्षेत्र पुस्तिका प्रकाशन तथा वितरण भई विद्यार्थी, अनुसन्धानकर्ता, सर्वसाधारण संरक्षित क्षेत्रबारे जानकार भएका हुनेछन। |

## अन्तराष्ट्रिय सन्धी महासन्धीको प्रतिवेदन तयारी

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | राष्ट्रले अन्तराष्ट्रिय स्तरमा गरेको सन्धी संझौता बमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले अन्तराष्ट्रिय सन्धी महासन्धीको बार्षिक रुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ। सो प्रतिवेदन तयारी कार्यका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट अन्तराष्ट्रिय सन्धि महासन्धीको प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न गर्न प्रतिवेदन तयारीका सिलसिलामा फिल्ड जाँदाको दैनिक भ्रमण भत्ता, खाजा खर्च, सवारीमा प्रयोग हुने ईन्धन तथा मर्मत खर्च गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | विभागका कर्मचारी मार्फत कार्यक्रम सम्पन्न गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | बार्षिक रुपम पेश गर्नु पर्ने अन्तराष्ट्रिय सन्धी महासन्धिको प्रतिवेदन पेश भएको हुनेछ। |

## संरक्षण समाचार प्रकाशन ( अंग्रेजी र नेपालीमा)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रहरुमा त्रैमासिक अवधिमा भएका प्रमुख खवरहरु सर्व साधारण तथा सरोकारवालाहरुलाई जानकारी गराउन यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट संरक्षण समाचार( अंग्रेजी र नेपालीमा) प्रकाशन गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | विभागका कर्मचारीले समाचार संकलन गरी सेवा प्रदायक संस्थाबाट छपाई भई वितरण गरिनेछ। उक्त प्रकाशित समाचार विभागको वेवसाईटमा समेत राखी सार्वजनिक गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन र कार्यालयमा दाखिला प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | त्रैमासिक रुपमा संरक्षण समाचार प्रकाशन भई संरक्षित क्षेत्र भित्र भए गरेका कार्यहरुको जानकारी सर्वसाधाणलाई भएको हुनेछ। |

## प्रजाती संरक्षण कार्य योजना छपाई

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | वन्यजन्तुका प्रजातीहरुको संरक्षण र व्यवस्थापनका लागि मुख्य मुख्य प्रजातीहरुको संरक्षण कार्य योजना निर्माण गरि सोही व्यवस्थापन योजना अनुरुपम गर्ने गत आ.ब.मा निर्माण गरिएको प्रजाती संरक्षण कार्य योजना छपाई तथा वितरण गर्ने प्रयोजनका लागि यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट प्रजाती संरक्षण कार्ययोजना छपाई तथा वितरण गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | सार्वजनिक खरिद प्रकृया बमोजिम सेवा प्रदायक संस्थाबाट छपाई भई वितरण गरिनेछ। उक्त प्रकाशित प्रजाती संरक्षण कार्य योजना विभागको वेवसाईटमा समेत राखी सार्वजनिक गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन र कार्यालयमा दाखिला प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | प्रजाती संरक्षण कार्य योजना छपाई भई सोही अनुरुप प्रजाती संरक्षण कार्य भएको हुनेछ। |

**पर्यटकका लागि संरक्षित क्षेत्रको ब्रोसियर छपाई तथा वितरण**

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रमा आउने पर्यटकलाई सो संरक्षित क्षेत्र सम्वन्धी जानकारी गराउने उदेश्यले संरक्षित क्षेत्र प्रवेशको टिकटका साथ भ्रमण गर्ने संरक्षित क्षेत्रको मुख्य मुख्य स्थान र जाने मार्ग समावेश भएको एक प्रति ब्रोसियर उपलव्ध गराउन यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट पर्यटकका लागि ब्रोसियर छपाई कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। |
| ४ | कार्यप्रकृया | राष्ट्रिय निकुञ्ज विभागका कर्मचारीबाट संरक्षित क्षेत्रहरुको पछिल्लो अपडेट सहितको ब्रोसियर तयार गरी सार्वजनिक खरिद प्रकृया बमोजिम सेवा प्रदायक संस्थाबाट छपाई गरिनेछ ।संरक्षित क्षेत्र प्रवेश गर्ने पर्यटकलाई वितरण गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन र कार्यालयमा दाखिला भएको प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | संरक्षित क्षेत्रको ब्रोसियर छपाई भई संरक्षित क्षेत्र प्रवेश गर्ने पर्यटकले उक्त संरक्षित क्षेत्रको बारेमा विस्तृत जानकारी हासिल गरेका हुनेछन। |

**वन डढेलो व्यवस्थापन**

| क्र.सं. | विवरण | व्याख्यी |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | वन डढेलोबाट वन क्षेत्रमा पाइने वन्यजन्तु एवं बनस्पतिहरुलाइ पर्न सक्ने नकारात्मक प्रभावलाई न्युनिकरण गर्न र आगलागीबाट हुन सक्ने सम्भावित मानवीय क्षतिलाइ रोक्नु यस क्रियाकलापको उद्देश्य हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. भानुभक्त प्राणी उद्यान<br>२. राष्ट्रिय प्राणी उद्यान |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | यस कार्यक्रममा छुट्टाईएको बजेटबाट वन डढेलो व्यवस्थापन कार्य सम्पन्न गर्न गरिने अन्तरक्रिया, तालिम र उक्त कार्यक्रममा सहभागीलाई खाना, खाजा तथा यातायात खर्चका साथै संचार माध्यमबाट गरिने प्रचार प्रसार लगायत डढेलो व्यवस्थापन संग गरिएका सम्वन्धित कार्यहरुमा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत वन डढेलो व्यवस्थापनका लागि सरोकारवाला निकाय, संघ संस्थाहरुसंग अन्तरक्रिया, उपभोक्ता स्तरमा तालिम, संचार माध्यमबाट प्रचार प्रसार जस्ता कार्य गरिने छ। कार्यालयका कर्मचारी मार्फत यो कार्यक्रम संचालन गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | डढेलो व्यवस्थापनमा सहयोग पुगेको हुनेछ । |

**टुहुरा तथा समस्यामुलक वन्यजन्तु व्यवस्थापन**

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | चोरी शिकारिको आक्रमण तथा ठुला जनावरहरुको आक्रमणका कारण माउबाट छुटेका टुहुरा वन्यजन्तुहरु तथा गाउ बस्तिमा निस्की समस्यामा परेका वन्यजन्तुहरुलाई लाई प्राकृतिक रुपमा बाँच्न सक्ने अवस्था नभएसम्म वन्यजन्तु उद्धार केन्द्रमा राखी पालन पोषण र सुरक्षित साथ् राख्नु पर्ने हुदा यस क्रियालापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. राष्ट्रिय प्राणी उद्यान<br>२. भानुभक्त प्राणी उद्या |

| | | |
|---|---|---|
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट टुहुरा तथा समस्यामुलक वन्यजन्तु व्यवस्थापन कार्य सम्पन्न गर्न समस्याग्रस्त वन्यजन्तु नियन्त्रण गर्दा प्रयोग गर्ने औषधी, घाईते वन्यजन्तुको उपचार, खाना, केज (खोर) निर्माण उद्दार कार्यमा प्रयोग हुने गाडी, इन्धन, खटिंदाका सुरक्षाकर्मी, कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, खाना, खाजामा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत संरक्षित क्षेत्र बाहिर कुनै स्थानमा टुहुरा तथा समस्यामूलक वन्यजन्तु रहेको सूचना प्राप्त हुनासाथ औषधी ,प्राविधिक कर्मचारी, सुरक्षाकर्मी सहितको टोली सम्वन्धित स्थानमा पुगी टुहुरा तथा समस्यामा परेका वन्यजन्तुलाई नियन्त्रणमा लिई संरक्षित क्षेत्रको वन्यजन्तु उद्धार केन्द्रमा व्यवस्थापन गरिनेछ। टुहुरा तथा समस्यामुलक वन्यजन्तु व्यवस्थापन कार्य कार्यालयका कर्मचारीहरु मार्फत गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | टुहुरा, घाइते तथा समस्यामुलक वन्यजन्तुको उद्दार भई मानव वन्यजन्तु द्वन्द न्यूनिकरणमा सहयोग पुगेको हुनेछ । |

## हिउँ चितुवा गणना/ सर्वेक्षण

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्रभित्र रहेका संकटापन्न तथा लोपोन्मुख वन्यजन्तु हिउँ चितुवाको संरक्षण र ब्यबस्थापनका लागि उनीहरुको संख्या र अवस्था बारे जानकारी हासिल गर्न आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। यस अन्तर्गत संरक्षणका साझेदारहरु संस्थाहरुको समेत सहकार्यमा हिउँ चितुवाको सर्वेक्षणका साथै तिनिहरुको अवस्थाको बारेमा जानकारी प्राप्त गरिनेछ। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट हिउँ चितुवा गणना/ सर्वेक्षण कार्य सम्पन्न गर्न हिउँ चितुवाको गणना/ सर्वेक्षण,तथ्याङ्क बिश्लेषण लगायतको छलफल, बैठकका सहभागीलाई वैठक भत्ता, खाना तथा खाजा खर्च, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, होटल बास, यातायात, सवारी ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। यसका साथै सो को लागि आवश्यक पर्ने उपकरण खरिद तथा फिल्डमा खटिने प्राविधिकहरुको फिल्डगेयर, क्यामेरा, टेण्ट ,भाँडाकुडा, सवारी साधन भाडामा खर्च गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | हिउँ चितुवा गणना/ सर्वेक्षण लागि निर्देशक समिति गठन, कार्यदल गठन, गणना सम्बन्धी अभिमुखीकरण गरे पश्चात फिल्डमा गणना/ सर्वेक्षण कार्य शुरु गरिनेछ। फिल्ड कार्य सम्पन्न भए पश्चात तथ्यांक विश्लेषण गरी प्रतिवेदन तयार गरिनेछ। हिउँ चितुवा गणना/ सर्वेक्षण कार्यमा गरिने खरिद कार्यहरु प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | प्राविधिक कर्मचारीको कार्यसम्पन्न प्रतिवेदन र छपाई सहितको हिउँ चितुवाको गणना/ सर्वेक्षण प्रतिवेनको आधारमा भुक्तानी गरिनेछ। अन्तिम प्रतिवेदन विभागको वेवसाईटमा समेत राखिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | हिउँ चितुवा गणना / सर्वेक्षण कार्य सम्पन्न भई औपचारिक रुपममा तिनीहरुको संख्या र अवस्थाको बारेमा एकिन भएको हुनेछ। |

## वन्यजन्तु सप्ताह (१-७ वैशाख)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | विभाग र प्राणी उद्यान कार्यालयहरुले प्रत्येक बर्ष बैशाख १ गतेदेखी ७ गतेसम्म संरक्षण सम्वन्धी विविध कार्यक्रम संचालन गरी वन्यजन्तु सप्ताह मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग<br>२. राष्ट्रिय प्राणी उद्यान<br>३. भानुभक्त प्राणी उद्यान |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट वन्यजन्तु सप्ताह कार्यक्रममा सहभागीहरुको खाना, खाजा तथा स्टेशनरीमा खर्च गरिनेछ। |

| | | |
|---|---|---|
| ४ | कार्यप्रकृया | यस अन्तर्गत साताभित्र संरक्षणका विविध कार्यक्रम गरिनेछन । विभिन्न विद्यालयका विद्यार्थिहरुलाई संरक्षण सम्वन्धी प्रतियोगितात्मक (हाजिरी जवाफ, चित्रकला, बक्तृत्वकला, निवन्ध ) कार्यक्रम, चरा अवलोकन तथा विज्ञहरुबाट संरक्षणका सवालहरुमा अन्तरक्रिया, संचार माध्यम (एफ एम, टेलिभिजन) बाट संरक्षण सम्वन्धी प्रचार प्रसार जस्ता कार्य गरिनेछन । वन्यजन्तु सप्ताह (१-७ वैशाख) कार्य कार्यालयका कर्मचारीहरुबाट गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको पेश गेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | वन्यजन्तु सप्ताह कार्यक्रमबाट संरक्षण सम्वन्धी जनचेतना अभिबृद्धी भएको हुनेछ । |

## विश्व सिमसार दिवस (फेब्रुअरी २)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | प्रत्येक बर्ष फेब्रुअरी २ का दिन सिमसार संरक्षण सम्वन्धी विविध कार्यक्रम संचालन गरी विश्व सिमसार दिवस मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | यस कार्यक्रममा छुट्टाईएको बजेट विश्व सिमसार दिवस (फेब्रुअरी २) कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत कार्यालयले सरोकारवाला संस्था, स्थानीय निकायका प्रमुख, मध्यवर्ती क्षेत्र व्यवस्थापन उपभोक्ता समितिका पदाधिकारीहरुलाई सहभागी गराई सिमसार संरक्षण सम्वन्धी छलफल, अन्तरक्रिया कार्यक्रम गर्नेछ । विश्व सिमसार दिवस (फेब्रुअरी २) कार्यालयका कर्मचारीहरुबाट गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | विश्व सिमसार दिवस कार्यक्रमबाट सिमसार संरक्षण तथा व्यवस्थापन सम्वन्धी जनचेतना अभिबृद्धी भएको हुनेछ । |

## बाघ दिवस (जुलाई २९)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | प्रत्येक बर्ष जुलाई २९ का दिन बाघ संरक्षण सम्वन्धी विविध कार्यक्रम संचालन गरी विश्व बाघ दिवस मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो । |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ । |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट बाघ दिवस (जुलाई २९) कार्य सम्पन्न गर्न सहभागीको खाजा, खाना तथा दिवससंग सम्वन्धित अन्य कार्यमा खर्च गरिनेछ । |
| ४ | कार्यप्रकृया | यो कार्यक्रम बाघको संरक्षणका लागि नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धता पुरा गर्ने प्रयोजनका लागि बाघ पाईने संरक्षित क्षेत्र कार्यालयहरुले सरोकारवालाहरुको सहभागितामा र केन्द्रमा सम्माननीय प्रधानमन्त्रीले अध्यक्षता गर्ने राष्ट्रिय बाघ संरक्षण समितिको सहभागितामा बाघ संरक्षण सम्वन्धी विविध कार्यक्रम गरिनेछ । बाघ दिवस (जुलाई २९) कार्य कार्यालयका कर्मचारीहरुबाट गरिनेछ । |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ । |
| ६ | प्रगतिको सूचक तथा उपलव्धी | बाघ दिवस कार्यक्रमबाट बाघ संरक्षण सम्वन्धी जनचेतना अभिबृद्धी हुनुका साथै अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेको प्रतिवद्धता पुरा गर्न सहयोग पुगेको हुनेछ । |

### विभाग/ कार्यालय स्थापना दिवस (कार्तिक १८)

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | प्रत्येक बर्षको कार्तिक १८ गतेका दिन संरक्षण सम्वन्धी विविध कार्यक्रम संचालन गरी विभागको स्थापना दिवस मनाउन यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट विभागको स्थापना दिवस कार्यक्रमका सहभागीहरुको खाना, खाजा, पानी, स्टेशनरी सामान आदिमा खर्च गरिनेछ। साथै संरक्षणमा उल्लेख्य योगदान दिने कर्मचारी, संघ, संस्थालाई प्रदान गरिने पुरस्कार, सम्मान/ कदरपत्र आदिमा समेत खर्च गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | यस अन्तर्गत संरक्षणसंग सरोकारवाला संस्थाहरु, संरक्षणका साझेदार संस्थाहरु, संरक्षणका विज्ञहरुलाई सहभागी गराई संरक्षणका उपलव्धी, चुनौती र अवसरहरुक बारेमा अन्तरक्रिया / छलफल जस्ता कार्यहरु गरिनेछ। साथै संरक्षणमा उल्लेख्य योगदान पुर्‍याउने कर्मचारी, संघ, संस्थालाई पुरस्कृत / सम्मान , नयाँ पुस्तक विमोचन आदि कार्यहरु समेत गरिनेछ। विभागको स्थापना दिवस विभागका कर्मचारी मार्फत सम्पन्न गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | कर्मचारीको पेश गेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | स्थापना दिवसमा गरिने संरक्षण सम्वन्धी कार्यबाट राष्ट्रिय निकुञ्ज सम्वन्धी जनचेतना अभिबृद्धी भएको हुनेछ। |

## सरकारी संघ संस्था समितिलाई सशर्त चालु अनुदान (२६४११)

### मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | मध्यवर्ती क्षेत्र घोषणा भएका संरक्षित क्षेत्रहरुमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ बमोजिम संरक्षित क्षेत्रले प्राप्त गरेको राजश्व (वन क्षेत्रको आय) को ३०-५०% रकम सामुदायिक विकासका लागि उपलव्ध गराईने हुँदा बजेट प्रस्ताव गर्दा चैत्र महिनासम्म संरक्षित क्षेत्र कार्यालयले प्राप्त गरेको राजश्व र बाँकी ३ महिनाको प्राप्त हुन सक्ने प्रक्षेपण सहित एकमुष्ट रकम चालु अनुदान शिर्षकमा विभागले माग गर्दछ र सोही अनुरुप एकमुष्ट रुपमा स्वीकृत भै आउँदछ। आर्थिक बर्ष (असार मसान्त) समाप्त हुनासाथ विभागले प्रत्येक संरक्षित क्षेत्र कार्यालयहरुसंग यथार्थ राजश्व र वन क्षेत्रको आय माग गरि सोही आधारमा बजेट बाँडफाँडका लागि वन तथा वातावरण मन्त्रालयमा पेश गर्दछ। मन्त्रालयले बजेट बाँडफाँड गरे पश्चात सोही सिमा भित्र रहि मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका बमोजिम कार्यक्रम तयार गरि पठाउन संरक्षित क्षेत्र कार्यालयलाई निर्देशन दिन्छ, संरक्षित क्षेत्रबाट प्राप्त हुन आएको कार्यक्रमलाई विभागले LMBIS मा Entry गर्छ र वन तथा वातावरण मन्त्रालय हुँदै अर्थ मन्त्रालयबाट स्वीकृत भए पश्चात कार्यालयको बार्षिक कार्यक्रम जस्तै गरी कोष तथा लेखा नियन्त्रण कार्यालयबाट बजेट निकासा/ खर्च हुने गर्दछ। यसै अन्तर्गत संरक्षण क्षेत्रहरुमा पनि बजेट तथा कार्यक्रम जाने गरेको छ। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. चितवन राष्ट्रिय निकुञ्ज<br>२. बाँके राष्ट्रिय निकुञ्ज<br>३. बर्दिया राष्ट्रिय निकुञ्ज<br>४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज<br>५. पर्सा राष्ट्रिय निकुञ्ज<br>६. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज<br>७. लामटाङ राष्ट्रिय निकुञ्ज<br>८. सगरमाथा राष्ट्रिय निकुञ्ज<br>९. मकालु बरुण राष्ट्रिय निकुञ्ज<br>१०. रारा राष्ट्रिय निकुञ्ज<br>११. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज |

| | | |
|---|---|---|
| | | १२. खप्तड राष्ट्रिय निकुञ्ज<br>१३. कोशीटप्पु वन्यजन्तु आरक्ष<br>१४. अपी-नाम्पा संरक्षण क्षेत्र<br>१५. कृष्णसार संरक्षण क्षेत्र<br>१६. कंचनजंघा संरक्षण क्षेत्र |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट मध्यवर्ती क्षेत्र व्यवस्थापनका लागि मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिले उपभोक्ता समितिहरुलाई बाँडफाँड गरे अनुरुप संरक्षण कार्य,सामुदायिक विकास कार्य, आय आर्जन तथा सिप विकास कार्य, संरक्षण शिक्षा कार्य र प्रशासनिक कार्यमा खर्च गरिनेछ। संरक्षण कार्य अन्तर्गत हुने बृक्षारोपण कार्यमा सहभागी हुने संरक्षित क्षेत्रका कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, स्थानीय जनप्रतिनिधी, मध्यवर्ती क्षेत्र व्यवस्थापन उपभोक्ता समितिका पदाधिकारी, मध्यवर्ती क्षेत्रका बासिन्दाहरुको खाना तथा खाजामा खर्च गरिनेछ। |
| ४ | कार्यप्रकृया | मध्यवर्ती उपभोक्ता समिति मार्फत बाँडफाँड भएको रकम समिति मार्फत खर्च गरिनेछ। संरक्षित क्षेत्र कार्यालयलाई छुट्याएको बजेट प्रचलित सार्वजनिक खरिद प्रकृया बमोजिम हुनेछ। |
| ५ | खर्च प्रक्रृया | मध्यवर्ति उपभोक्ता समितिहरुले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ भने कार्यालय तर्फ कर्मचारीले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | यस कार्यक्रमबाट मध्यवर्ती क्षेत्रमा संरक्षण, सामुदायिक विकास, सीप विकास तथा आय आर्जन र संरक्षण शिक्षा सम्वन्धी क्रियाकलापहरु संचालन हुने हुँदा स्थानीय बासिन्दामा संरक्षित क्षेत्र प्रति सकरात्मक सोचको विकास हुनुका साथै संरक्षित क्षेत्रको संरक्षणमा टेवा पुगेको हुनेछ। |

## अन्य संस्थालाई सशर्त पूँजिगत अनुदान (२६४२२)

### राष्ट्रिय प्रकृति संरक्षण कोषलाई सोलार फेन्सिङका लागि सशर्त पूँजिगत अनुदान

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | राष्ट्रिय प्रकृति संरक्षण कोष मार्फत सोलार फेन्सिङ कार्य गराउन उक्त कोषलाई सशर्त पूँजिगत अनुदान उपलव्ध गराउन यस क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग ले स्वीकृत कार्यक्रम र MoU अनुसार राष्ट्रिय प्रकृति संरक्षण कोषलाई सशर्त पूँजिगत अनुदानका रुपमा एकमुष्ट बजेट कोषको खातामा पठाउनेछ र राष्ट्रिय प्रकृति संरक्षण कोषले स्वीकृत कार्यक्रम बमोजिम सार्वजनिक खरिद प्रकृया बमोजिम सूचना प्रकाशन गरी ठेक्का मार्फत कार्यक्रम संचालन गरी भुक्तानी गर्नेछ। |
| ४ | कार्यप्रकृया | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र राष्ट्रिय प्रकृति संरक्षण कोष वीच कोष मार्फत सोलार फेन्सिङ गर्ने बारे MoU गरिनेछ। सोही आधारमा कोषले कार्यक्रम प्रस्ताव गर्नेछ, उक्त प्रस्तावित कार्यक्रम विभागको सिफारिसमा वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भए पश्चात विभागले कोषलाई एकमुष्ट रकम उपलव्ध गराउनेछ। सोही बजेटको आधारमा कोषले सार्वजनिक खरिद प्रकृया बमोजिम सूचना प्रकाशन गरेर सोलार फेन्सिङ कार्य सम्पन्न गरी सो को प्रगति विवरण विभाग र मन्त्रालयमा पठाउनेछ। |
| ५ | खर्च प्रक्रृया | विभागले कोषलाई एकमुष्ट रकम उपलव्ध गराउनेछ र राष्ट्रिय प्रकृति संरक्षण कोषले प्राविधिक कर्मचारीको कार्य सम्पन्न प्रतिवेदन स्वीकृतिको आधारमा भुक्तानी गर्नेछ र सो को प्रगति विवरण राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई उपलव्ध गराउनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | राष्ट्रिय प्रकृति संरक्षण कोष मार्फत सोलार फेन्सिङ कार्य सम्पन्न भएको हुनेछ। |

## उद्धार, राहत र पुनर्स्थापना (२७२१२)

### वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्र तथा वन क्षेत्रबाट वन्यजन्तुहरु बाहिर निस्की धनजन, पशु तथा अन्न बालिको क्षती पुऱ्याउने गर्दछन्। यस्तो क्षेती भएकोमा राहत सहयोग गर्न नेपाल सरकारले वन्यजन्तुबाट भएको क्षेतिको राहत सहयोग निर्देशिका,२०६९ कार्यान्वयनमा ल्याई सोही निर्देशिका बमोजिम राहत सहयोग उपलव्ध गराउँदै आएको छ । संरक्षित क्षेत्रले सो वर्षका लागि आवश्यक पर्ने अनुमानित रकम माग गर्नेछ, सोही मागका आधारमा विभागले संरक्षित क्षेत्रलाइ निकासा गर्दै जानेछ। सोही कार्यका लागि यस कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो क्रियाकलाप विभाग अन्तर्गत सवै राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्र कार्यालयहरुबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेटबाट वन्यजन्तुबाट भएको क्षतीको राहत सहयोग कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ । |
| ४ | कार्यप्रकृया | वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका अनुरुप माग भै आएका निवेदन उपर कार्यालयले अध्ययन गर्नेछ र रितपूर्वको माग भएमा संरक्षित क्षेत्र आसपासमा भए मध्यवर्ती क्षेत्र उपभोक्ता समिति मार्फत र अन्यको हकमा डिभिजन वन कार्यालय मार्फत राहत सहयोग रकम पिडितलाई प्रदान गरिनेछ। |
| ५ | खर्च प्रक्रृया | निर्देशिका अनुरुप रितपूर्वक राहत सहयोग माग गर्ने व्यक्तिलाई कार्यालयले सोझै निजको खातामा निर्देशिका बमोजिमको रकम भुक्तानी गर्नेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | वन्यजन्तुबाट पिडित ब्यक्तिहरुले नेपाल सरकारको तर्फबाट राहत सहयोग पाएका हुनेछन् । |

### वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण अनुगमन

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | संरक्षित क्षेत्र तथा वन क्षेत्रबाट वन्यजन्तुहरु बाहिर निस्की धनजन, पशु तथा अन्न बालिको क्षेती पुऱ्याउने गर्दछन् । यस्तो क्षेती भएकोमा राहत सहयोग गर्न नेपाल सरकारले वन्यजन्तुबाट भएको क्षेतिको राहत सहयोग निर्देशिका,२०६९ कार्यान्वयनमा ल्याई राहत सहयोग रकम विभागले संरक्षित क्षेत्र कार्यालयहरु मार्फत पिडित पक्षलाई वितरण गर्दै आएको छ। यसमा अझै के कसरी छिटो र सहज ढंगले राहत वितरण गर्न सकिन्छ र हाल वितरण भएकोमा के कस्ता कमि कमजोरी रहेका छन र तिनलाई कसरी सुधार गर्न सकिन्छ भन्ने उदेश्यले अनुगमन गर्ने प्रयोजनका लागि यो कृयाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सञ्चालन गरिनेछ। |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण अनुगमन कार्य सम्पन्न गर्न अनुगमन कार्यमा खटिने कर्मचारीको दै.भ्र.भत्ता, यातायात साधन भाडा वा ईन्धन लगायतमा खर्च गरिनेछ । साथै अनुगमन टोलीले राहत पाउने व्यक्ति र सो गाउँ वस्तीका मानिसहरुसंग पुगी राहत वितरण सम्वन्धी अन्तरक्रिया, छलफल गर्दा सहभागीहरुलाई चिया, खाजा खुवाए बापत भएको खर्च यसै शिर्षकबाट गरिनेछ । |
| ४ | कार्यप्रकृया | वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण अनुगमनका लागि विभागले खटाएका कर्मचारी वा अनुगमन टोलीले अनुगमन गर्नेछ । अनुगमन टोलीले राहत पाउने व्यक्तिहरु मध्ये केहीसंग भेट गरी राहत वितरण सम्वन्धी उसको तथा छरछिमेकीको राय सुझाव समेत संकलन गर्नेछ। |
| ५ | खर्च प्रक्रृया | अनुगमनका लागि खटाईएका कर्मचारी वा टोलीले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी गरिनेछ। |
| ६ | प्रगतिका सूचक तथा उपलव्धी | वन्यजन्तुबाट भएको क्षतीको राहत वितरणको अनुगमन कार्यले पिडित पक्षले समयमै राहत सहयोग पाए पाएको जानकारी भै प्रकृया सुधारका लागि सहयोग पुगेको हुनेछ। |

## ग. हात्तीसारहरु

### अ. पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु

**भवन निर्माण (३१११२)**

**हात्तीसार भवन निर्माण**

| क्र.सं. | विवरण | व्याख्या |
|---|---|---|
| १ | पृष्ठभूमी र उद्देश्य | हात्तीसारमा कार्यालयको कामका साथै कर्मचारीहरु कर्मचारीहरु बस्ने आवासको लागि भवन व्यवस्थापन गर्ने आवश्यक भएकोले यो क्रियाकलापको व्यवस्था गरिएको हो। |
| २ | कार्यक्रम स्थल | यो कार्यक्रम विभाग अन्तर्गत निम्नानुसारका कार्यालयहरुबाट सञ्चालन गरिनेछः<br>१. बाँके राष्ट्रिय निकुञ्ज |
| ३ | खर्च गर्न सकिने मुख्य कृयाकलाप | कार्यक्रममा छुट्टाईएको बजेट हात्तीसार भवन निर्माण कार्य सम्पन्न गर्न प्रयोग गरिनेछ। भवनको साथै आवश्यकता अनुसार भवनको परिसर, सुरक्षा पर्खाल, गेट आदि कार्यमा समेत लागत अनुमान स्विकृत गरी खर्च गर्न सकिनेछ। भवन निर्माणको अतिरिक्त कन्टिनजेन्सीमा छुट्याईएको बजेटबाट कार्यविधि बमोजिम सूचना प्रकाशन, अनुगमन मुल्यांकन, प्राविधिक जनशक्ति, ईन्धन, मर्मत आदिमा खर्च गर्न सकिनेछ। भवन निर्माणका लागि आवश्यक ढुंगा, गिटी, बालुवा र काठ संरक्षित क्षेत्रभित्रबाट उपलब्ध गराउन सकिने भएमा लागत अनुमानमा स्पष्ट खुलाई गर्न सकिनेछ। |
| ४ | कार्यप्रकृया | निर्माण हुने भवनको नक्सा डिजाईन, लागत अनुमान सहितको प्रस्ताव सम्बन्धित कार्यालयले तयार गरी स्विकृत गर्नेछ। कार्यक्रमको संक्षिप्त कार्ययोजना र लागत अनुमान तयारी र स्वीकृत गरी संचालन गर्नु पर्नेछ। कार्ययोजना तयार गर्दा सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुको पहिचान गरी परिमाण, स्थान, खरिद प्रक्रिया, जनशक्ति परिचालन, उपलब्धि आदि ब्याख्या सहित प्रत्येक क्रियाकलापको लागत अनुमान तयार गर्नु पर्नेछ। स्थान पहिचान गर्दा प्राबिधिक कर्मचारी तथा सेक्टर पोष्ट कार्यालयको सिफारिसलाई आधार बनाउनु पर्नेछ। भवन निर्माण कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार सुचना प्रकाशन गरी ठेक्का प्रकृया मार्फत गरिनेछ। कार्यक्रम सञ्चालनको नियमित निरिक्षण, अनुगमन मुल्यांकनका लागि अधिकृत कर्मचारीलाई खटाई प्रतिवेदन लिन सकिनेछ। |
